# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २६ पूर्णाङ्क १२४ | २०७५ पुस ९ गते सोमबार | Monday, Dec. 24, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## कुसुम राईको श्रदान्जलीसभा सम्पन्न

● बद्रीहरि नेपाल, टोखा सम्वाददाता

टोखा नगरपालिका-०७ धापासीमा २० वर्षीया कुसुम राईको असामयिक निधन भएको तेह्रौ पुण्य तिथिमा एक शोकसभा सम्पन्न भएको छ। क्रान्तिकारी महिला संघ टोखा नगर कमीटीकी उपाध्यक्ष क. कमला राई (कार्की)की २० वर्षिया छोरी कुसुम राईको गत २०७५ साल मंसिर १७ गते बिहान ९:०० बजे धापासीस्थित आफ्नै निवास निधन भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) टोखा नगर समिति सेक्रेटरी क.सुमित्रा न्यौपानेको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जलीसभा कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)की केन्द्रीय सदस्य क.शारदा महत (सरु)को प्रमुख अतिथि, देजमो काठमाण्डौं जिल्ला अध्यक्ष खगेन्द्र छन्त्यालको विशेष अतिथिको रुपमा उपस्थिति थियो। कार्यक्रममा देजमो काठमाण्डौं जिल्ला उपाध्यक्ष इन्दिरा घिमिरे, नेकपा क्रान्तिकारी माओवादी टोखा नगर इन्चार्ज ज्ञानेन्द्र प्रजापती, देजमो ...बाँकी ७ पेजमा

## 'तेस्रो जनआन्दोलनको तयारीमा छौं'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोचा नेपालका अध्यक्ष सीपी गजुरेलले अब देशमा एक ऐतिहासिक तेस्रो जनआन्दोलनको उठान गरिने र त्यसको नेतृत्व देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले गर्ने बताएका छन् । मोर्चाद्वारा काठमाडौंको कमलादीस्थित होटल कमलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उक्त कुरा बताएका हुन् । मोर्चाको बुद्धनगरस्थित कार्यालयमा केन्द्रीय समितिको पूर्ण वैठक बसी लिइएका संघर्षका निर्णयहरुको सार्वजनिकीकरण गर्दै उनले निरन्तर संघर्षको उठानसँगै यसलाई आम हडतालको उचाइमा पुर्‍याइने पनि बताएका छन् ।

कार्यक्रममा पत्रकारहरुमाझ बोल्दै अध्यक्ष सीपी गजुरेलले अब उठान गरिन लागेको तेस्रो ऐतिहासिक जनआन्दोलनको जिम्मेवारी लिन सबै तयार रहन अनुरोध पनि गरेका छन् । एक जिम्मेवार वैकल्पिक शक्तिका रुपमा जिम्मा लिन र त्यसको कुशलतापूर्वक नेतृत्व गर्न आफूहरु र आफ्नो मोर्चा तयार रहेको भन्दै गजुरेलले त्यसका लागि देशभक्त, वामपन्थी, प्रगतिशील तथा अग्रगामी शक्तिहरु पनि मोर्चा बनाएर अघि बढ्न तयार हुनुपर्ने कुरामा जोड दिए । उनका अनुसार यो विकल्प कुनै पनि व्यक्तिका विरुद्धमा अर्को व्यक्ति खडा गर्ने नभई सिंगो संसदीय व्यवस्थाका विरुद्धमा जनताको सत्ता स्थापना गर्ने विकल्पको आन्दोलन रहेको बताए ।

पत्रकारहरुसँग कुराकानीका क्रममा गजुरेलले यसको तयारी कहिलेदेखि गर्नुहुन्छ भन्ने सोच्नु भएको होला, त्यो आजैदेखि तपाईहरुसँगको भेटघाटबाटै सुरु भएको छ,



तपाईका समाचार माध्यमहरुमा यो समाचार प्राथमिकताका साथ हेडलाइनमा राखी प्रचारप्रसारमा ल्याउनुहोला, यसैबाट तयारीको सुरुआत हुने छ ।

गजुरेलका अनुसार प्रचारप्रसारका अतिरिक्त मोर्चाले चरणवद्ध संघर्षका कार्यक्रमहरुलाई अघि बढाउने भएको छ ।

यसका लागि देशव्यापी जनसम्पर्क र जनसम्बन्धलाई जोड्न मेचीमहाकाली अभियान चलाइने छ । यो मेचीमहाकाली अभियानको सुरुआत फागुन ७ गते पूर्वमा झापा, पश्चिममा कञ्चनपुर, मध्यमा पोखरा र राजधानी सहर काठमाडौं गरी ४ ठाउँबाट उद्घाटन गरिने छ। फागुन ७ ...बाँकी ६ पेजमा

## काभ्रे बारमा क्रान्तिकारी माओवादी निकटका अध्यक्ष निर्विरोध

काभ्रे । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट प्रगतिशील कानुन व्यवसायी एशोसियसन नेपालका केन्द्रीय भेला आयोजक समितिका सदस्य अभिवक्ता देवकुमार मोक्तान नेपाल बार एशोसियसन काभ्रेको अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । ६ असोजमा भएको निर्वाचनमा सबै पदाधिकारी, कार्यसमितिका सदस्य र पार्षद सदस्यहरु निर्विरोध रुपमा निवार्चित भएका छन् ।

प्राप्त जानकारी अनुसार उपाध्यक्षमा विजयभक्त श्रेष्ठ, सचिवमा मधुसुदन वाग्ले, सहसचिवममा लालतारा अधिकारी, कोषाध्यक्षमा रामप्रसाद मानन्धर, सदस्यहरुमा दिनेशकाजी श्रेष्ठ, परमात्माराम पराजुली, हरिशरण बस्नेत, पुष्पराज थापा, निरोज प्रसाद नेपाल, प्रकाश बञ्जरा, कमल प्रसाल तिमिल्सिना रहेका छन् भने पार्षद सदस्यहरुमा इश्वर शर्मा बञ्जरा, मुकुन्द मुनकर्मी, कुमार तिमिल्सिना, शान्ता पन्त र बुघरन्न मानन्धर रहेका छन् ।

## हुमागाई राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरिने

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार तथा काठमाडौं जिल्ला संयोजक रामचन्द्र हुमागाईको स्मृतिमा राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरिने भएको छ ।

केही समय पहिले महासंघको केन्द्रीय कार्यालयको बैठकले हालै दिवंगत वरिष्ठ पत्रकार हुमागाईको नाममा पुरस्कार कोष स्थापना गर्ने निर्णय गरेको हो । चार दशकसम्म जनपक्षीय पत्रकारितामा जीवन विताएका हुमागाईले पुर्‍याएको योगदानको कदर गर्दै यस्तो पुरस्कार कोषको स्थापना गर्ने निर्णय गरेको हो । नवलपुरको कावासोतीमा बसेको बैठकले पौषभित्र प्रदेश र माघभित्र जिल्ला भेला वा सम्मेलन सम्पन्न गरी फागुनको अन्तिममा संगठनको राष्ट्रिय सम्मेलन गर्ने तयारी गरिरहेको छ ।

## संघर्षलाई आम हड्तालसम्म पुर्‍याउन नेवाः मोर्चाको जोड

काठमाडौं । बैसाखमा राष्ट्रिय भेला गर्ने निर्णयसहित नेवा राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय समितिको पूर्ण वैठक मंगलवार काठमाडौंमा सम्पन्न भएको छ । वैठक सुरुभए लगत्तै ध्रुवीकरणको प्रक्रिया अन्तरगत नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपालमा आबद्ध हुनु भएका श्री शिव श्रेष्ठ, नरेन्द्रमान श्रेष्ठ र दशराज शाक्यलाई मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले हार्दिक स्वागत अभिवादन गरेका थिए । स्वागतपछि श्रेष्ठले आफ्नो परिचय र नेवाः मोर्चामा आबद्ध हुनुका कारणसहित संक्षिप्त तर भावोत्तेजक मन्तव्य राखेका थिए ।

यही भावभूमिमा नेवाः मुक्ति आन्दोलन र वर्गीय आन्दोलनका क्रममा वेपत्ता भएका योद्धा साथीहरुलाई सम्मान प्रकट गर्दै तथा उक्त आन्दोलनमा शहादत प्राप्त गर्नु हुने महान् शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै बैठक अघि बढाइएको थियो । वैठकमा मोर्चाका अध्यक्षले गत के.स.को बैठकदेखि अहिलेसम्मको संक्षिप्त रुपमा रिपोर्ट पेस गरेपछि बैठकमा उपस्थित केन्द्रीय समिति सदस्यहरुबाट अनुभुतिसहितका आआफ्नो कार्यक्षत्रको संक्षिप्त रिपोर्ट पेस गरेका थिए । मोर्चा अध्यक्ष तथा केन्द्रीय सदयहरुले पेश ...बाँकी ७ पेजमा

## संघर्षका खाका कोर्दै क्रान्तिकारी माओवादीका प्रदेश बैठकहरु

काठमाडौं । मंसिर १२ देखि १७ सम्म चलेको नेकपा (क्रान्तिकारी क्रान्तिकारी माओवादी) केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरुलाई प्रदेश र जिल्लाहरुमा प्रभावकारी कार्यान्वयनका लागि क्रान्तिकारी माओवादीका प्रदेश कमिटिका बैठकहरु धमाधम बसिरहेका छन् ।

प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादीको ५ नं. प्रदेशको बैठक मंसिर १९ र २० गते बुटवलमा सम्पन्न भइसकेको छ भने ४ नं. प्रदेशको बैठक मंसिर २३ र २४ गते पोखरामा सम्पन्न भइसकेको छ। ३ नं. प्रदेशको बैठक मंसिर २६ र २७ गते सम्पन्न भएको छ। २ नं. प्रदेशको बैठक पुस ५ र ६ गते बसेको छ भने यता ७ नं. प्रदेशको बैठक पुसको ६ र ७ गतेमा सम्पन्न हुँदैछ भने ६ नं. प्रदेशको बैठक पनि ९ पुसमा सम्पन्न हुँदैछ ।

प्राप्त जानकारी अनुसार पार्टी केन्द्रको बैठकले लिएका निर्णयहरु खासगरी जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्ष उठानका लागि प्रदेश स्तरमा ठोस योजना निर्माणमा क्रान्तिकारी माओवादीका प्रदेश बैठकहरु केन्द्रित ...बाँकी ७ पेजमा

## दाङ बस दुर्घटनामा २३ मृत्यु

### मृतक परिवारलाई क्षतिपूर्ति दिन क्रान्तिकारी माओवादीको माग

दाङ । दाङको तुलसीपुरमा भएको बस दुर्घटनामा परी मृत्यु हुनेको संख्या २३ पुगेको छ। दुर्घटनामा मृत्यु भएका सबैको सनाखत भएको छ। जुम्लाका ११, दाङका ६ तथा जाजरकोट, बाजुरा, बझाङ, कञ्चनपुर, डोल्पा र रुकुम पूर्वका १/१ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । घोराहीस्थित कृष्णसेन बहुप्राविधिक शिक्षालयका शिक्षक र बिद्यार्थी चढेको बा ४ ख ९७६६ नम्बरको बस दुर्घटना हुँदा गाडी चालक घोराही उपमहानगरपालिका ३ का २५ बर्षीय मदन केसी, सहचालक तुलसीपुर उपमहानगरपालिका १८ हेमन्पुरका २१ बर्षीय गणेश बिक, कृष्णसेन ईच्छुक बहुप्राविधिक शिक्षालयका शिक्षकहरु घोराही १७ का २८ बर्षीय प्रदिप घिमिरे र भूमे गाउँपालिका ६ पूर्वी रुकुमका २८ बर्षीय नरेश ओलीको मृत्यु भएको छ । यस्तै मृत्यु हुनेमा जुम्लाको चन्दननाथ नगरपालिका ३ का १८ बर्षीय अर्जुन शाही, १७ बर्षीय हिक्मत बोहोरा चन्दननाथ १० का बिपना खत्री, १८ बर्षीय रुपेश शाही, चन्दननाथ १४ का १७ बर्षीय रितेन्द्र शाही, चन्दननाथ ५ का देवीप्रसाद उपाध्याय, चन्दननाथ १ का १७ बर्षीय अर्जुन शाही र चन्दननाथ ६ की १६ बर्षीया कुसुम रावल रहेका छन् । जुम्लाको हिमा गाउँपालिका ५ की सैलजा शाही, तिला गाउँपालिका १ का जंगबहादुर बिक, तिला ३ का रमेश उपाध्याय र कन्कासुन्दरी गाउँपालिका ५ का २० बर्षीय ...बाँकी ७ पेजमा

## कुटनीतिक सन्तुलन बिगार्दै ओली सरकार

### "अमेरिकाको इन्डोप्यासिफिक सुरक्षा रणनीतिको केन्द्रीय भूमिकामा नेपाल"

काठमाडौं । ३ पौष २०७५ मा नेपाल र अमेरिकाबीच परराष्ट्र मन्त्रीस्तरीय भेटवार्ता सम्पन्न भएको छ । भ्रमण सम्पन्न गरेर नेपाल सरकारका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली शनिबार स्वदेश फर्किएका छन् । भ्रमणको क्रममा अमेरिकाको इन्डोप्यासिफिक सुरक्षा रणनीतिमा नेपाल सामेल हुन सहमत भएको संकेत गर्दै अमेरिकी विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा नेपाल उक्त सुरक्षा रणनीतिको केन्द्रीय भूमिकामा रहेको जनाएको छ। यसबारेमा मन्त्री ज्ञवाली र नेपालको परराष्ट्र मन्त्रालयले उल्लेख नगरे पनि एक अन्तर्वार्तामा मन्त्री ज्ञवालीले द्विपक्षीय वार्ताको क्रममा अमेरिकाले नेपालको छिमेक नीति र विदेश नीतिका विषयमा गहिरो चासो राखेको बताएका छन् । नेपालले अपनाउँदै आएको असंलग्न परराष्ट्र नीतिलाई प्रभावित पार्ने गरी अमेरिकी रणनीतिको फ्रेमवर्कभित्र नेपाल संलग्न हुँदा नेपालको कुटनीतिक सन्तुलन नराम्ररी बिग्रने भन्दै कुटनीतिक क्षेत्रका विज्ञहरुले चिन्ता जाहेर गरेका छन् । र, स्रोतका अनुसार अमेरिकी विदेश मन्त्रालयको वक्तव्यपछि चीन पनि नराम्ररी झस्किन पुगेको छ । यसलाई चीनविरोधी अमेरिकी रणनीतिमा नेपालको संलग्नताको रुपमा चीनले विश्लेषण गर्न सक्ने कुटनीतिज्ञहरुको दावी छ ।

के हो अमेरिकाको इन्डोप्यासिफिक सुरक्षा रणनीति ?

अमेरिकाले चीनलाई घेराबन्दी गर्ने र उसको बढ्दो आर्थिक तथा सामरिक विस्तारलाई रोक्न हिन्द महासागरदेखि प्रशान्त महासागर क्षेत्रमा चासो र उपस्थितिलाई बढाउँदै लगेको छ। इन्डोप्यासिफिक (हिन्द-प्रशान्त) क्षेत्रका देशसँग सुरक्षा मामिलामा सम्बन्ध विकसित गर्न अमेरिकाले यस वर्ष ...बाँकी ५ पेजमा

## सबैखाले अवसरवादी छालविरुद्ध क्रान्तिकारी ज्वारभाटा उठानमा नेपाली क्रान्ति

नेकपा (क्रान्तिकारी माओवादी) को मंसिर १२ देखि १७ सम्मको केन्द्रीय समितिको बैठकले गम्भीर छलफलका साथ यो निष्कर्ष निकालेको छ कि वर्तमानमा नेपाली कम्युनिस्ट आन्दोलनमा जुन खालका समस्याहरु देखिएका छन्, ती समस्याहरुको सही समाधानका लागि पार्टीले लिने नीति तथा कार्यक्रम सामान्य प्रकारले अपनाएर पुग्दैन । त्यसबारे विशेष रुपले भूमिका खेल्नु पर्ने आवश्यकता छ । पार्टीको यो निष्कषलाई अर्को शब्दमा-अहिलेको अवस्थामा देशको राजनीतिमा एउटा कम्युनिस्ट पार्टीले अवसरवादी आक्रमणका विरुद्ध क्रान्तिकारी ज्वारभाटासहितको सङ्घर्ष उठान गर्न तयार हुनुपर्छ भन्ने हो ।

*आखिरमा मार्क्सदेखि माओसम्मले मार्क्सवादको विकास यस्तै खालका दक्षिणपन्थी संशोधनवादीहरु र वामखोल ओढेका संकीर्णतावादीहरुसित सम्झौताहीन सङ्घर्ष गरेर नै मार्क्सवादलाई विजयको शिखरमा पुर्‍याएको इतिहास हो।*

*पार्टी नेतृत्व के कुरामा स्पष्ट छ भने पार्टीको यस्तो सम्झौताहीन सङ्घर्षको नीतिका कारणले पार्टीले चौतर्फी आक्रमण वा एक प्रकारको नाकाबन्दीको स्थितिको सामना गर्नु पर्ने हुन्छ।*



● हुकुमबहादुर सिंह ●

अहिले एकातिर, अन्तर्राष्ट्रिय रुपमा, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद र अर्कोतीर, राष्ट्रिय रुपमा, जबरजस्त रुपले अगाडि आएको विपरीत धारजस्ता देखिने तर सारमा गन्तब्य विन्दु एउटै भएका दुई नेकपा (ओली र दाहाल नेतृत्वको नेकपा र चन्द र विश्वकर्मा नेतृत्वको नेकपा) का गलत नीतिहरुविरुद्ध सम्झौताहीन सङ्घर्षको नीति अपनाउनु पर्ने दायित्व पार्टीका अगाडि छ । देशको वर्तमान राजनीतिक स्थितिमा त्यस प्रकारको भूमिका खेल्ने नेकपा (क्रान्तिकारी माओवादी) एक मात्र पार्टी हो भन्नेमा केन्द्रीय समिति एक मत देखिएको छ । पार्टी नेतृत्व के कुरामा स्पष्ट छ भने पार्टीको यस्तो सम्झौताहीन सङ्घर्षको नीतिका कारणले पार्टीले चौतर्फी आक्रमण वा एक प्रकारको नाकाबन्दीको स्थितिको सामना गर्नु पर्ने हुन्छ ।

ओली र दाहाल नेतृत्वको नेकपा र चन्द र विश्वकर्मा नेतृत्वको नेकपाहरु योजनावद्ध प्रकारले हाम्रो पार्टीलाई देशको राजनीतिक दृश्यबाट पूरै ओझेलमा पार्न प्रयत्नशील छन् । यो भनेको हाम्रा अगाडि अत्यन्त कठिन र प्रतिकूल स्थिति ...बाँकी ८ पेजमा

## सम्पादकीय

# माओ जयन्ती र माओवाद

यस वर्षको २६ डिसेम्बरमा १२६ औं माओ जयन्ती विश्वभर धुमधामसाथ मनाइँदैछ । यस दिन सिंगो मानव जगत परिवर्तनका लागि माओका योगदानको चर्चाका साथै माओलाई एक विलक्षण क्रान्तिकारी प्रतिभाको रुपमा स्मरण गरिन्छ । मानिसले मानिसमाथि गर्ने सबै खाले अन्याय र उत्पीडनको अन्त्यका लागि माओले पुर्‍याएका योगदानलाई विश्वभरका श्रमजीवी तथा मजदुरहरुले यस दिनमा स्मरण, मनन् र प्रयोगमा लैजाने प्रण पनि गर्दछन् । माओलाई मार्क्सवादी विचारक, एक दार्शनिक, राजनीतिक तथा क्रान्तिकारी सिद्धान्तकारका रुपमा संसारले स्मरण गर्ने गर्दछ ।

यस अर्थमा माओको जन्मजयन्ती मनाउनु भनेको विचारको रक्षा र विकासको कुरा पनि हो । त्यो मूलतः सर्वहारावर्गीय विचार हो । माओले मार्क्सको वर्गसंघर्षको सिद्धान्तलाई चिनियाँ देश, काल र परिस्थितिमा सफलतापूर्वक प्रयोग गरे । प्रयोगका क्रममा मार्क्सवादी विचार सिद्धान्तलाई थप अर्को नयाँ उचाइमा विकसित गरे ।

कार्ल मार्क्स र फ्रेडेरिख एंगेल्सको सहकार्यमा मार्क्सद्वारा प्रतिपादित दुनियाँलाई बदल्ने मार्क्सवादी विचार आफैमा मानव मुक्तिको एकमात्र विचार थियो । यो वर्गसंघर्षमा आधारित थियो । यो विचार मार्क्स स्वयम्‌को भनाइमा 'जड' वस्तु जस्तो नभएर देश, काल, परिस्थिति अनुसार लचकतापूर्वक व्यवहारमा प्रयोग हुने र निरन्तर विकासहुँदै जाने सिर्जनशील विचार हो । मार्क्सका पालामा यो विचारको प्रयोगका लागि मार्क्सले निकै प्रयत्न गरे । तर एक मानवको निकै छोटो जीवनकालमा विचारको खोज, अनुसन्धान, त्यसको संश्लेषण र जीवन व्यवहारमा प्रयोग त्यतिका संभव हुनि कुरा पनि होइन । विचारको प्रचार, लक्षित वर्गको अकर्षण, सहभागिता, संघर्षको उठान र नेतृत्व निकै कठीन कुराहरु हुन् । तर पनि मार्क्सले पेरिस कम्युनजस्तो महान् वर्गीय रणसंग्राम आफ्नै आँखाले देख्न र संश्लेषण गर्न पाए ।

मार्क्सपछि एकदेशीय समाजवाद पनि स्थापना हुनसक्ने थप सैद्धान्तिक व्याख्यासहित लेनिनले रुसी भूमिमा वर्गसंघर्षको सफलतापूर्वक प्रयोग गरे । यो मार्क्सले भने झैं रुसी देश, काल र परिस्थितिमा मार्क्सवादी सिद्धान्तको एक नौलो प्रयोग थियो । उनले अक्टोबर क्रान्ति सम्पन्न गरी रुसमा समाजवादी व्यवस्था स्थापना गरे । मानव जातिका लागि यो एक अभूतपूर्व मुक्तिको यात्रा थियो । यसलाई मार्क्सवादको दोस्रो चरणमा विकास अर्थात् लेनिनवाद भनिन्छ । सामाजिक वर्ग संघर्षका हिसाबले यो एक सामन्तवादी राजतन्त्रात्मक पुँजीवादमाथि मजदुर तथा किसानहरुको शानदार विजय थियो ।

रुसमा समाजवाद स्थापनाको नयाँ सन्देशसँगै विश्व समाजवाद निर्माणको बहस र क्रान्तिको चलिरहेका बेला चीनमा तात्कालीन चिनियाँ कम्युनिष्ट पार्टीले क्रान्तिको थालनी गर्‍यो । तर चीनको सामाजिक परिस्थिति रुसको जस्तो थिएन । रुसको क्रान्तिको मोडल चीनमा हुबहु लागू हुन सक्दैनथ्यो । यसका लागि चिनियाँ विशिष्टतामा केही न केही नयाँ तर मार्क्सवाद-लेनिनवादको विकास हुनसक्ने वर्गसंघर्षको जरुरी थियो । त्यो वर्गसंघर्ष दीर्घकालीन जनयुद्धद्वारा नयाँ जनवाद स्थापनाको संघर्ष थियो । संघर्षका क्रममा माओले यो सिद्धान्तको प्रतिपादन गरे र चीनलाई बाह्यरुपमा जापानी साम्राज्यवाद र आन्तरिक रुपमा क्वोमिन्ताङको जनविरोधी शासनबाट मुक्त गरे ।

माओले मार्क्सवाद-लेनिनवादको थप विकासका क्रममा मओले दर्शनका क्षेत्रमा अन्तरविरोधहरुको नयाँ व्याख्या, दीर्घकालीन जनयुद्धको सिद्धान्त प्रतिपादन, नयाँ जनवादी सत्ताको निर्माण र गुरिल्ला जनसेना निर्माण र नयाँ प्रयोग गरे । यसका साथै, मुख्य दुस्मनका विरुद्ध मोर्चा निर्माण र त्यसको कुशलतापूर्वक प्रयोग, वार्ता र लडाइँको द्वन्द्वात्मकताको सही बोध र सफल प्रयोग गरे । जनवादी राज्य व्यवस्थाको समाजवादी राज्यव्यवस्थामा रुपान्तरणका लागि मुख्य गरी नेतृत्व रुपान्तरणको गहिरो ख्याल गर्दै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्त प्रतिपादन गरे ।

आजका दिनमा समाजवाद निर्णिका लागि मार्क्सवादी सिद्धान्तको प्रयोग र वर्गसंघर्षका कुरा माओवादलाई नबुझेर वा अस्वीकार गरेर संभव नै छैन । समाजवाद निर्माणको जिम्मेवारी पूरा गर्न मार्क्सवादको थप विकास जरुरी छ, त्यो भनेको सम्बन्धित देशको परिस्थिति अनुसार माओवादी सिद्धान्तको प्रयोगसहित त्यसमा थप विकास गरिनु हो । त्यसैले १२६ औं माओ जयन्ती मनाउनुको सार्थकता भनेको माओवादलाई नेपाली धरतीमा कुशलतापूर्वक प्रयोग गरी त्यसमा थप विकास गर्नु हो ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# युरोपमा येल्लो भेस्ट आन्दोलन


नीरज लवज्

इन्धनमा मूल्यवृद्धिको विरोधमा फ्रान्सबाट सुरू भएको जनआन्दोलन युरोपका अन्य देशहरूमा पनि डढेलोझैं सल्किदैछ । फ्रान्सको म्याक्रों सरकारले इन्धन, विद्युत र ग्यास वितरणमा गरेको मूल्यवृद्धि फिर्ता गरे पनि तत्काल आन्दोलन रोकिने छाँटकाँट छैन । बरू उनीहरूका माग मूल्यवृद्धि फिर्ताबाट माथि उठेर राष्ट्रपति म्याक्रोंको राजीनामासम्म पुगिसकेको छ । प्रदर्शनकारीहरूले पहेंलो भेस्ट लगाउने गरेकाले आन्दोलनको नाम नै 'पहेंलो भेस्ट' आन्दोलन बनेको छ । चार सातादेखि पेरिसलगायत फ्रान्सका अधिकांश सहरमा आगो बलिरहेको छ ।

फ्रान्समा भएको आन्दोलनलाई लामो समयदेखि युरोपेली देशमा गुम्सेको जनआक्रोशको विस्फोटनको रुपमा लिइएको छ । पहेंलो भेस्ट आन्दोलनकारीहरूले सडकमा युरोपेली समाजमा फराकिलो बन्दै गएको आर्थिक विभेद अन्त्यको मुद्दा उठाउन थालेका छन् । उनीहरूले तलब, निवृत्तिभरण, सामाजिक सुरक्षा शुल्क र न्यूनतम ज्यालावृद्धिको मागलाई जोड दिन थालेका छन् । विश्लेषकहरूले यो आन्दोलनलाई सीमित धनीमानी पुँजीपतिको नियन्त्रणमा रहेको सम्पत्ति वितरणका लागि भइरहेको सङ्घर्षको रुपमा लिएका छन् । फ्रान्सबाट सुरू पहेंलो भेस्ट आन्दोलन एक प्रतिशतमा सीमित धनी वर्गविरुद्ध ९९ प्रतिशत जनताको आन्दोलन भएको उनीहरूको भनाइ छ ।

अघिल्लो वर्ष सन् २०१७ मा भएको निर्वाचनमा राष्ट्रपति पदमा निर्वाचित म्याक्रोंले फ्रान्सेली राजनीतिको मुहार फेर्ने, थप रोजगारी सिर्जना गर्ने र जनताको जीवनस्तर उकास्ने आश्वासन दिएका थिए । तर म्याक्रोंले एक वर्षको अवधिमा फ्रान्सेली जनताको जीवनस्तर उकास्नु त कता हो कता, इन्धनमा २० प्रतिशतसम्म मूल्यवृद्धि गरी जनजीवन थप कष्टकर बनाउन खोजे ।

सन् १९८३ मा फ्रान्सको तात्कालीन समाजवादी सरकारले फ्रान्समा नवउदार अर्थनीति लागु गर्‍यो । त्यत्तिबेला फ्रान्कोई मित्तेराँ फ्रान्सका राष्ट्रपति थिए । नवउदार अर्थनीतिको अवलम्बनसँगै फ्रान्सेली सरकारले सामाजिक सुरक्षा क्षेत्रमा गर्दै आएको लगानी क्रमशः घटाउँदै लगेको छ । मित्तेराँ सरकारपछिका सरकारहरूले पनि लोककल्याणकारी राज्यको सिद्धान्तविपरीत सामाजिक सुरक्षा खर्चमा कटौती गर्दै गयो । सामाजिक सुरक्षा क्षेत्रमा केही सरकारले कम दरमा मात्र लगानी कटौती गरे, तर कटौतीको प्रक्रिया भने रोकिएको थिएन । सामाजिक क्षेत्रमा सरकारी लगानी कटौतीले सबभन्दा बढी प्रभाव फ्रान्सका निम्न वर्ग, मजदुर र कामदार वर्गलाई पारेको देखिन्छ ।

सामाजिक क्षेत्रमा लगानी कटौतीसँगै निम्न र मजदुर वर्गबीच फैलिएको असन्तोष म्याक्रोंले राम्ररी बुझेका थिए । त्यसकारण चुनाव प्रचार अभियानका क्रममा आफूलाई पेरिसमा सत्तासीन विगतका शासक वर्गभन्दा भिन्न रुपमा प्रस्तुत गर्न खोजे । उनले आफूलाई 'नयाँ विश्व बन्दोबस्त'को प्रवक्ताको रुपमा प्रस्तुत गरेका थिए । चालिस वर्षका युवा र उर्जाशील म्याक्रोंप्रति जनताले विश्वास गरे । म्याक्रोंको पार्टी मध्यपन्थी नयाँ राजनीतिक पार्टी हो । त्यसकारण पनि उनलाई दुवै वामपन्थी र दक्षिणपन्थी खेमाबाट समर्थन प्राप्त गर्न सजिलो भयो । तर राष्ट्रपति निर्वाचनपछि म्याक्रोंका आश्वासन सबै झुठ र भ्रम साबित भए । उनीप्रतिको जनआकर्षण केही समयमै तुहियो । म्याक्रोंप्रति जनताको मोहभङ्ग भयो । विगतका सरकारभन्दा फरक बाटोमा उनी हिंड्न सकेनन् । बरू फ्रान्सेली संस्थापनको हिस्साको रुपमा उनले आफ्ना गतिविधिलाई निरन्तरता दिइरहे । राष्ट्रपति बने लगत्तै म्याक्रोंले लगातार धनी र शक्तिशाली व्यापारीहरूको हित हुने निर्णय एक पछि अर्को गर्दै गए । फलतः उनी 'धनीका राष्ट्रपति' को रुपमा परिचित हुन थाले । नोभेम्बर १७ बाट सुरू भएको पहेंलो भेस्ट आन्दोलन तिनै 'धनी राष्ट्रपति' का विरुद्ध लक्षित हुँदै गएको छ ।

**फ्रान्समा भएको आन्दोलनलाई लामो समयदेखि युरोपेली देशमा गुम्सेको जनआक्रोशको विस्फोटनको रूपमा लिइएको छ । पहेंलो भेस्ट आन्दोलनकारीहरूले सडकमा युरोपेली समाजमा फराकिलो बन्दै गएको आर्थिक विभेद अन्त्यको मुद्दा उठाउन थालेका छन् ।**

चुनावमा आकर्षक र लोभलाग्दा आश्वासन देखाउने मामिलामा नेपालका शासक राजनीतिक दल पनि कम छैनन् । चुनावी सफलताको लागि असम्भव कुरा समेत आफ्नो घोषणापत्रमा समावेश गर्ने गरिन्छ । तर चुनाव सकिएपछि घोषणापत्र कार्यान्वयन र जनतालाई दिएका आश्वासन पूरा गर्न पार्टीहरू उदासिन हुने गर्दछन् । सत्तासीन नेकपाले चुनावको समयमा जारी गरेको घोषणापत्रमा उल्लेखित बुँदाहरू पूरा गर्न ओली सरकारले पनि तदारुकता देखाउन सकेको छैन । बरू फ्रान्समा म्याक्रों जस्तै देशका प्रधानमन्त्री र मन्त्रीहरू इलाइट वर्ग, नाफाखोर र भ्रष्ट ठेकेदारहरूकै चँगुलमा फसेको देखापर्दछ । अर्को शब्दमा भन्दा म्याक्रों जसरी 'धनीका राष्ट्रपति' भए त्यस्तै नेकपाको सरकार पनि 'धनीको सरकार' बनिरहेको छ । चुनावी घोषणापत्रअनुसार सरकारले काम गर्न सकेको छैन ।

फ्रान्सको यो आन्दोलन राजनीतिक सिमाना नाघेर अन्य देशमा पनि फैलिएको छ । हंगेरीका मजदुरहरू पनि त्यहाँको सरकारले प्रस्तुत गरेको श्रम विधेयकको विरोधमा पहेंलो भेस्ट लगाएर सडकमा उत्रेका छन् । नयाँ प्रस्तावित श्रम ऐनले हंगेरीका मजदुरहरूलाई वर्षको ४ सय घण्टासम्म अतिरिक्त समय काम गराउन पुँजीपति वर्गलाई कानुनी अधिकारसम्पन्न बनाएको छ । हंगेरीका मजदुरहरूले यो विधेयकलाई 'दासताको विधेयक' को संज्ञा दिएका छन् । गएको शनिबार हजारौं हंगेरीका मजदुर र विद्यार्थीहरूले सरकारविरुद्ध प्रदर्शन गरे । बुढापेस्टका विश्वविद्यालयका विद्यँर्थीहरूले पनि यो आन्दोलनमा समर्थन गरेका छन् ।

बेल्जियममा पनि आन्दोलनको अर्को स्वरुप देखापरेको छ । त्यहाँ शनिबार भएको प्रदर्शनमा आन्दोलनकारी र प्रहरीबीच दोहोरो भीडन्त भएको थियो । सयौं प्रदर्शनकारीलाई गिरफ्तार समेत गरिएको थियो । फ्रान्समा फैलिएको आन्दोलनबाट प्रभावित भएर अघिल्लो साताबाट नेदरल्याण्ड र बेल्जियममा पनि पहेंलो भेस्ट लगाएका आन्दोलनकारी सडकमा देखिएका हुन् । उनीहरूले आफ्नो देशका सामाजिक र आर्थिक मुद्दालाई आन्दोलनको विषय बनाएका छन् ।

वास्तवमा युरोप सन् २००८ को आर्थिक मन्दीबाट राम्ररी तङ्ग्रिसकेको पनि छैन । नवउदार आर्थिक नीतिका कारण युरोपका अधिकांश देशमा कुनै न कुनै सामाजिक तप्का आन्दोलनकै मोर्चामा छन् । ग्रीसका मजदुर र कर्मचारीहरूले लगातार सामाजिक क्षेत्रमा सरकारले गरेको लगानी कटौतीविरुद्ध सङ्घर्ष गरिरहेका छन् । त्यहाँका यातायात मजदुर र निवृत्त कर्मचारीहरू सरकारको नवउदार नीतिविरुद्धको आन्दोलनको अग्रमोर्चामा छन् । त्यसमाथि पछिल्लो समय युरोपले सामना गरिरहेको शरणार्थी समस्या र युरोपका अधिकांश देशले आफ्नो सुरक्षा संरक्षक मान्दै आएको संरा अमेरिकाको राजनीतिक नेतृत्वले हात झिकेपछि युरोपको लागि यो समय निल्नु न ओकल्नुको समय बनेको छ । मध्यपूर्वमा चर्कंदो राजनीतिक द्वन्द्वका कारण युरोपमा आप्रवासीको आगमनसँगै त्यहाँ राष्ट्रवादी वा नाजीवादी आन्दोलन व्यापक बनेको छ । राष्ट्रवादी आन्दोलनका अनुयायीहरू आप्रवासीलाई आफ्नो देशमा भित्र्याउन नहुने विचारका पक्षपाती हुन् । उनीहरू आप्रवासीलाई युरोपेली देशमा भित्र्याए युरोपमा आतय्वादी हमला अझ व्यापक हुने र युरोपेली जनता असुरक्षित हुने तर्क गर्दै आएका छन् । पछिल्लो समय युरोपेली देशमा आप्रवासी समुदायमाथि हिंसात्मक हमला तीब्र बनेका छन् । फलतः फासीवादी आन्दोलनले त्यहाँको सामाजिक सद्भाव र एकतालाई खलबल्याइदिएको छ । आप्रवासी र शरणार्थीमाथि युरोपका राष्ट्रवादीहरूले लगातार हमला गर्दै आएका छन् । शरणार्थीहरूले पनि बेलाबेला आफूमाथिको हमलाको प्रतिकार गर्ने गरेका छन् । परिणामतः युरोपको सामाजिक एकतामा दख्खल पुगेको छ।

...बाँकी ७ पेजमा

झर्रोटर्रो | kailubraha73@gmail.com | कैलुब्राह

# शेरको बैठकमा स्याल ह्वीय्या

यतिखेर नेपाल मण्डल नाउँ गरेको जङ्गेराजमा एक जोडी शेरहरूको दर्जनौं गुट र उपगुटले भरिपूर्ण गुटेपाटीको थाई कमिटीको अस्थाई बैठक धुम्बाखाडामा चलिरहेको छ । त्यहाँ शेरहरूका विरुद्ध साढे तीन दर्जन स्यालहरू जोड जोडले ह्वीयूया ह्वीयूया गर्दै कराउँदै, उफ्रँदै, चिथोराचिथुर गरिरहेका छन् । शेरहरूको समर्थन र विरोधमा हान्दोहोरी गर्दै घारघार घुरघुर गरिरहेका छन् । बैठकमा पिठ फर्काएर घाँटी जोडिएका एक जोडी शेरहरूले आफ्ना कामकुराको बखान गर्दै लेखिएको म्हपूजा (आत्मपूजा)ले भरिभराउ लेखौटो पेस गरेका छन् । शेरहर्ले पेस गरेको लेखौटो ठिक भएन भन्दै एकजना स्वर्गद्वारीतिरबाट झरेका गोत्तेस्यालले काउन्टर लेखौटो पेस गरे । त्यसपछि शेरहरूको लेखौटो र गोत्तेस्यालको काउन्टर लेखौटाका बीचमा एकार्काका समर्थन र विरोध गर्दै गाँड कोराकोर गरेर ह्वीयूयाउन थाले । यो ह्वीयूयाउने क्रम हप्तासम्म चल्यो र आज मात्रै स्याल ह्वीयूयाउने म्याद गुज्रिने भएको छ । त्यसपछि केही तयारी गरेर शेरहर्ले जवाफ दिने पालो आउने छ ।

शेरहर्को लेखौटो ठिक भएन भन्दै आफ्नो लेखौटो पेस गरेका गोत्तेस्यालले शेरहर्को लेखौटो थोत्रो भएको, काम नलाग्ने, आत्मपूजाले भरिएको, राजकाज गतिलोसँग गर्न नसकेर बिगारेको, सबै स्यालहर्लाई भागशान्ति विलो नदिएर एक्लै हसुरेको, दुइटा शेर मिलेर मनमानी गरेको, निरङ्कुसता मच्चाएको, गुटेपाटीलाई बदनाम गराएको, कसैलाई काखी च्यापेर डन बनाएको कसैलाई लात्ति हानेर ढिकबाट खसोलेको भनेर शेरहर्को भण्डाफोर गरे । उनले एकनम्बरी शेरतर्फ चोरऔंला ठड्याउँदै अहम्‌वाद जागेर चुली नाघेको, अरूको हक अधिकार खोसेर आफू सर्वेसर्वा भएको, शासनको निर्णय गर्दा आफूहर्लाई नसोधेको । कामकुरो एकातिर छाडेर कुम्लो बोकी इसाइको कलो खान दगुरेको भनेर शेरको खोइरो खने । आफूले पनि केही कलो पाउन पर्च भनेर भन्दा जतातत्तैबाट उछुट्याएको, आफ्ना हनुमानलाई बिरोध गर्न लगाएर लखेटेको भनेर सोहूआनाको लेखौटो पेश गरे । त्यसपछि अरू स्यालहरू पालै पालो ह्वीयूयाउन थाले ।

यसरी ह्वीयूयाउने स्यालहरू पनि दुई कित्तामा बाँडिए । सिंहासनका वरिपरि बसेर भागविलो डकारिरहेकाहर्ले शेरको बचाउ गर्दै आफ्नो मालिकभक्ति दर्शाए । अर्काथरीले शेरहर्को छालै काड्नेगरी कोतरे, चिथोरे र घ्यारघ्यार र घुरघुर गर्दै बिरोध गरे । मुखले ह्वीयूयाउने मात्रै नभएर लेखौटो नै तयार गरेर शेरहर्का अगाडि चाङका चाङ लगाए । प्रत्यकले को भन्दा को कम भन्दै लेखौटो तेर्स्याए । कतिले शेरहर्को बचाऊ गर्दै स्वामीभक्ति देखाए, कसैले आफ्ना मालिक हुन भन्ने पनि विर्सिएर शेरहर्को छाला काडेर नाङ्गो हुन्जेल खुइल्याए । कसैले दुइटा शेरलाई अलग अलग गरेर दुई नम्बरी शेरलाई उकास्ने र एकनम्बरीलाई पछार्ने गर्न थाले ।

उता ढेँडु स्यालहर्को बिरोध र घुर्की त पहिलादेखि नै छताछुल्ल भएकै छ । एउटा ढेँडुको अगुवा र पछुवाको किचलो पनि ज्युँदै छ । शेरहरू नसच्चिए ठिक नहुने भन्दै आफ्नो माग पूरा गर्न शेरहर्लाई थर्काएका छन् । अर्का ढेँडुले आफ्नो गुटलाई सौतेलो ब्यवहार गरेकोले शेरहर्को पूजा गरेर बस्न सकिँदैन भन्दै असौजा मैना पेस गरेको लेखौटो पनि ब्युँताएकै छन् ।

दुईटा छुट्टाछुट्टै गुँडमा जन्मिएर हुर्किएका र विगतमा एकार्कालाई शत्रु मानेर मारामार, कुटाकुट, कोराकोर, लुछालुछ गरेका शेरहरू गएको जेठा मैना एउटै गुँडमा सामेल भएर एउटै दापमा दुइटा तरबार जस्तै दुई थान शेरको पगरी गुथेका हुन् । शेरहर्ले त घाँटी जोडे तर तलतलका स्यालहरू अझैसम्म पनि आआफ्नै गुँडतिर भौंतारिएर हिंडेका छन् । स्यालहर्को यस्तो कन्तबिजोग पार्नुमा यिनै शेरहर्को काम हो भन्दै उनीहर्को चर्को आलोचना पनि भयो । कसैले शेरहर्ले जङ्गे शासन फर्काएको पनि भने । उनले जङ्गेका तीन सन्तान जस्तै आफूहर्लाई पनि तेस्रो दर्जामा झारेर सिंहासनतिरको जुठोपुरो खान त के चाट्न समेत नदिएर एक्लै हसुरेको भन्दै आक्रोस पोखे । यसरी शेरहर्को बैठकमा स्यालहरू ह्वीयूयाउने क्रम सकियो । सुन्नेलाई सुनको माला, लेख्नेलाई काउछाको माला, यो कथा धुम्बपुरीमा जाला, शेरेको सत्ता कस्तो भयो सबैले चाल पाउला ।

८ पुस २०७५

# दर्शनशास्त्रका क्षेत्रमा माओको योगदान

सर्वहारावर्गको बौद्धिक हतियारका रुपमा कार्ल मार्क्स र फ्रेडरिक ऐंगेल्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको आविष्कार गर्नुभयो । कार्ल मार्क्सको दर्शन सम्बन्धी निष्कर्ष थियो "दर्शन आफ्नो समयको वौद्धिक सारतत्व हो ।" ("संस्कृतिको जीवन्त आत्मा", कार्ल मार्क्स-फेडरिक एंगेल्स, संकलित रचना संग्रह, खण्ड -१, पृष्ठ १०५.) उहाँले यस जीवनदर्शनको विधि, नियम र प्रवर्गहरुमा स्थापना र विकास गर्नुभयो । लेनिनले बीसौं शताब्दीमा मार्क्सवादी दर्शनलाई सर्वहारावर्गको मुक्तिका खातिर प्रयोग गर्नुभयो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको व्याख्या र विश्लेषण गर्दै यसको दोस्रो चरणमा विकास गर्नुभयो । लेनिनले नै पूर्वका देशहरुमा (अर्थसामन्ती र अर्धऔपनिवेशिक देशहरुमा) हुने क्रान्ति "महान् र कष्टसाध्य तर गौरवपूर्ण हुनेछ" भन्दै ती देशहरुका ठोस विश्लेषण गरी क्रान्ति सम्पन्न गर्ने जिम्मा ती देशका कम्युनिष्ट क्रान्तिकारीहरुलाई दिनुभएको थियो । क.माओले विशाल चीनको नेतृत्व गर्दै लेनिनले दिएको जिम्मेवारी पूरा गर्ने निर्णय गर्नुभयो । आखिर माओले दर्शनशास्त्रका क्षेत्रमा गरेका योगदानहरु केके हुन् ? यी विषयमा जानकारी लिन जरुरी छ ।

सर्वप्रथम क. माओले दर्शनलाई ज्ञान सिद्धान्तको रुपमा परिभाषित गर्नुभयो । ज्ञान उत्पादनका लागि सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगबाट प्राप्त हुन्छ भन्ने कुरा संश्लेषण गर्नुभयो । मोनेराबाट मानवको उत्पत्ति भएदेखि उसले जीविकाका लागि सङ्घर्ष गऱ्यो । त्यो वास्तवमा उत्पादनका लागि सङ्घर्षकै क्रममा उसले आफ्नो ज्ञानमा विकास र विस्तार गऱ्यो । ज्ञान प्राप्तिको यो पहिलो स्रोत हो । जब मानवसमाज वर्गमा विभाजन भयो, तब वर्गसङ्घर्षको पनि सुरुआत भयो । यसले पनि वर्गमुक्ति त्यसमा पनि इतिहासमा उदीयमानवर्गको मुक्तिको ज्ञान प्राप्त भयो । सर्वहारावर्गको दर्शन वर्गसङ्घर्षकै परिणाम हो । मानिसले समाज र प्रकृतिका सूक्ष्मभन्दा सूक्ष्म र दूरभन्दा दूरका कुराहरु जान्न नयाँ-नयाँ वैज्ञानिक प्रयोग गर्न थाल्यो । वैज्ञानिक प्रयोगका क्रममा प्रविधिको पनि विकास भयो । यो ज्ञानको तेस्रो स्रोत बन्यो ।

बीसौं शताब्दीका मार्क्सवादी दार्शनिक माओले दर्शनलाई केवल मुठ्ठीभर दार्शनिकहरुका बौद्धिक विलासबाट मुक्त गरी जनताका बीचमा लैजानुभयो । "वर्गसङ्घर्षविना दर्शनको कुरा गर्नु समय खेर फाल्नुमात्रै हो" भन्ने उहाँको निष्कर्ष थियो । दर्शनले जनताको मुक्तिको मार्गदर्शन गर्न सकेन भने त्यो आदर्शवादी दर्शन बन्न पुग्दछ । आदर्शवाद मुठ्ठीभर शोषकवर्गको दर्शन हो भने भौतिकवाद बहुसङ्ख्यक श्रमजीवीवर्गको दर्शन हो । त्यसकारण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद सर्वजनहिताय होइन, बहुजनहिताय छ भनी माओले पुष्टि गर्नुभएको छ । माओले व्यवहारलाई दर्शनको सत्यता नाप्ने कसी बताउनुभयो । त्यसकारण उहाँले व्यवहार-सिद्धान्त- व्यवहारको सूत्रीकरण गर्नुभयो । व्यवहारबाट ज्ञान प्राप्त हुन्छ र त्यसलाई फेरि व्यवहारमै बदल्नुपर्छ ।

द्वन्द्वात्मक भौतिकवादका तीन नियमलाई उहाँले एउटै नियम अन्तरविरोधमा सूत्रीकरण गर्नुभयो । अथवा यसो भन्न सकिन्छ-मात्राबाट गुणमा रुपान्तरण र निषेधको निषेधलाई दुई विपरीतहरुको सङ्घर्ष र एकतामा सूत्रीकरण गरी त्यसलाई अन्तरविरोधको नियम बताउनुभयो । मात्राबाट गुणमा रुपान्तरण अन्तरविरोधको प्रकृयाबाट हुन्छ । निषेधको निषेधत हुँदै हुँदैन, बरु पुरानोको नकार र त्यसको ठाउँमा नयाँको सकार हुन्छ भनी उहाँले ठोकुवा गर्नुभएको छ । पुरानोको नकार र नयाँको सकार पनि अन्तरविरोधकै प्रक्रियामा हुन्छ । पुरानो र नयाँ स्वयं विपरीत हुन् ।

अन्तरविरोधहरुको थुप्रोबाट एउटा अन्तरविरोधको पनि प्रधान पहल हुने, विशिष्ट र सार्वभौम अन्तरविरोध हुने, विशिष्ट र सार्वभौम अन्तरविरोध हुने, अन्तरविरोधको मूल कारण बाह्य होइन, आन्तरिक हुने सिद्धान्त माओले विकास गर्नुभयो । लेनिनले आफ्नो दार्शनिक नोटबुकमा द्वन्द्ववादको व्याख्याको आवश्यकता छ भनी अधुरो रहेको कार्य उहाँले पूरा गर्नुभयो ।

पृथ्वी र ब्रह्माण्डमा रहेका हर वस्तुहरु यही अन्तरविरोधका नियमबाट चलेका छन् । अन्तरविरोध विनाको वस्तु देख्नु आदर्शवाद हो । अन्तरविरोधहरु पत्ता लगाएर मात्र हुँदैन, त्यसको हल पनि गर्नुपर्छ । जस्तो, शोषक र शोषितहरुको अन्तरविरोध वर्गसंघर्षद्वारा हल गरिन्छ । साम्राज्यवाद र औपनिवेशिक राष्ट्रको अन्तरविरोध राष्ट्रिय युद्धद्वारा हल गरिन्छ । पार्टीभित्र चल्ने अन्तरविरोध अन्तरसङ्घर्षद्वारा हल गरिन्छ ।

दर्शनमा क.माओले एक दुइमा विभाज हुन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त प्रतिपादन गर्नुभयो ।

एक दुईमा विभाजन हुन्छ भन्ने सिद्धान्तले संशोधनवाद र मार्क्सवादका बीचको भिन्नता स्पष्ट पार्दछ । माओले भीषण सङ्घर्षका क्रममा एक दुइमा विभाजन हुन्छ भने द्वन्द्ववादी सिद्धान्तको विकास गर्नुभएको थियो । क. माओले ऐतिहासिक भौतिकवादको विकास गर्दै तत्कालीन अर्धसामन्ती र अर्धऔपनिवेशिक चीन र त्यस्ता देशहरुमा नयाँ जनवादी क्रान्ति गर्न मार्गनिर्देशन गर्नुभएको थियो । यस आधारमा नै उहाँले समाजवादी र साम्यवादी समाजको सिद्धान्त विकास गर्नुभएको थियो ।

क. माओले अन्ततः पुरानो राजनैतिक सत्ता ढालिसकेपछि पुरानो आदतको कसत्ता पनि ढाल्दै जानुपर्छ भन्दै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको दर्शन दिनुभयो । यसलाई निरन्तर क्रान्तिको दर्शन पनि भन्दछन् । भौतिक रुपमा बन्दुक बोकेका दुश्मनहरुभन्दा दिमागमा आदतको बन्दुक बोकेका दुश्मनहरु दसगुना खतरनाक हुन्छन् । त्यसकारण महान् सर्वहारा सांस्कृतिक क्रान्तिको लक्ष्य विश्वदृष्टिकोणको समस्या समाधान गर्ने हुनुपर्छ । यो क. माओको महान् दर्शन थियो ।

## सन्दर्भ : १२६औं माओ जयन्ती



द्वन्द्वात्मक भौतिकवगादी दर्शन सर्वहारावर्गको वैचारिक वैज्ञानिक हतियार हो । यो दर्शन पूँजीवादको उदय भएपछि पूँजीपति र मजदूर वर्गका बीच द्वन्द्वको सृजना भएपछि मार्क्स र एङ्गेल्सले समाजविकासको अध्ययन गरेर सृजना भयो । पूँजीपतिवर्ग एकाधिकार पूँजीवादमा बदलिएर त्यसले साम्राज्यवादको ग्रहण गरेपछि लेनिनले रुसीक्रान्तिको समयमा यसलाई अझ विकसित पाइने भयो । जब सर्वहाराक्रान्ति विकसित औद्योगिक देशबाट नभै विकासोन्मुख सामन्ती, अर्धसामन्ती कृषिप्रधान देशतिर सऱ्यो । चिनिया क्रान्तिको दौरानमा माओले यस दर्शनमा अर्को इँटा थपे । यो दर्शन समाजविकासको नियम बुझ्ने र त्यसलाई परिवर्तन एउटा महत्वपूर्ण दर्शन हो । त्यसैले यस दर्शनले व्यवहारबाट अलग रहेको दर्शनलाई महत्व राख्दैन । दर्शन भनेको संसारलाई बुझ्ने र त्यसलाई परिवर्तन गर्ने हो भन्ने मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दर्शनको मुख्य सिद्धान्त हो । त्यसैले दर्शन विज्ञानसम्मत दर्शन हो । त्यसैले यो दर्शन सामाजिक राजनीतिकसँग अभिन्न रुपले गाँसिएको छ । त्यसैले क्रान्तिकारी परिवर्तन चाहनेहरुले यो दर्शनलाई अध्ययन गर्नु त्यसलाई व्यवहारमा उतार्नु अनिवार्य छ । यस लेखमा क.माओको द्वन्द्ववादी ढङ्गले विश्लेषण गर्ने संश्लेषण निकाल्ने र केही उल्लेख गर्ने प्रयास गरिएको छ ।

क. माओको द्वन्द्वात्मक ढङ्गको विश्लेषण पद्धति एकदम महत्वपूर्ण र वैज्ञानिक छ । द्वन्द्ववादले भन्छ-विश्वमा जतिपनि वस्तु, पदार्थहरु र मानवसमाज छन् । सबै द्वन्द्वमा आधारित छन् । द्वन्द्व नभएको वस्तुमा गति हुँदैन र गति नभए त्यसको अस्तित्व हुँदैन । त्यसैले द्वन्द्ववादी सबैको अध्ययन गर्ने अन्तसम्बन्धको विज्ञान हो । द्वन्द्ववादले विभिन्न वस्तुहरुमा भएका गतिका निरीक्षण तथा विश्लेषणको तरिका बताउँछ र त्यसैको आधारमा अन्तरविरोधलाई हल गर्ने बाटो पहिल्याउँछ । त्यसैले माओले भन्नुभएको विश्लेषणको उद्देश्य अन्तर्विरोधलाई व्यवहारबाट हल गर्नु रहेको छ ।

यसरी विश्लेषण गर्दा वस्तु, समाज कुन रुपमा विद्यमान छन्, त्यसको निश्चित पहिचान हुनुपर्छ । यसतो पहिचान भएपछि मात्रै सबै कुरा निरन्तर गतिमा छन् भन्ने कुरा दिमागमा राख्नुपर्छ । यो परिवर्तन गतिमा हुन भएका कारण समाजभित्र रहेको अन्तरविरोधका कारण समाजमा चलिरहने वर्गसङ्घर्षहरु नै हुन भन्नेकुरालाई आत्मसात् गर्नुपर्ने हुन्छ । गतिको मुख्यकारण आन्तरिक अन्तरविरोध हो भने बाह्य अन्तर विरोधले सहायक भूमिका निभाए को हुन्छ ।

यहाँनेर ध्यान दिनुपर्ने महत्वपूर्ण कुरा कुनै पनि विज्ञानको आविष्कारको लागि होस् वा कुनै देशमा गुणात्मक परिवर्तनको स्थिति ल्याउन कुनै वस्तुको प्रकृति नबुझी, देशको वस्तुगत स्थिति नबुझी, समाजभित्रका अन्तरविरोधहरु नबुझी, समाजभित्रका अन्तरविरोधहरु नबुझी विज्ञानको आविष्कार हुन सक्छ । न कुनै क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्छ ? कुनै वस्तुको प्रकृति बुझ्न, कुनै देशको वस्तु स्थिति बुझ्नुको अर्थ हो, त्यसको विश्लेषण गर्नु । विश्लेषण गर्दा वस्तुलाई अन्तरविरोधको रुपमा मान्नुपर्छ । पदार्थमा बुझ्नुपर्दा त्यो कुन-कुन तत्वबाट निर्माण भएको छ । त्यसका वास्तविक गुणहरु के के हुन् ? अरु वस्तुहरुसँग त्यसको कस्तो सम्बन्ध हुन्छ भनेजस्तै समाजको विश्लेषण गर्दा त्यसमाजभित्र कस्ताकस्ता वर्गहरु छन् ? के कस्ता अन्तरविरोधहरु छन् ? विपरीत तत्वहरुमा एकता र सङ्घर्षको रुप कस्तो छ ? गतिका पनि मुख्य कुन हो ? गतिका विकासशील शक्ति कुन-कुन हुन् ? मुख्य कुन वर्ग हुन् ? त्यसको विश्लेषण गनुजरुरी हुन्छ ।

द्वन्द्ववादले तत्कालीन रुपमा देखिएको शक्तिलाई आधार बनाउँदैन । किनभने विकासक्रममा त्यो ह्रासोन्मुखवर्ग हो । त्यसको विरोधमा जाने विकासशील वर्गलाई हेरेर आफ्ना नीति र कार्यक्रम बनाउँछन् । जुन वर्गको हितबाट देश परिवर्तनतिर जान्छ, त्यो क्रान्तिकारीवर्गलाई आधार बनाएर त्यसको नेतृत्वमा सापेक्षिक स्थितिलाई ध्यान दिएर राजनीतिक कार्यनीति बनाउँछन् । यस दृष्टिकोणबाट सबभन्दा क्रान्तिकारीवर्ग सर्वहारा मजदुरवर्ग नै हुन् र द्वन्द्ववादी दर्शनले पूर्ण र अंश, अन्तरविरोधको सार्वभौमिकता र विशिष्टता, निरपेक्ष र सापेक्ष, राजनीतिक र कार्यनीतिलाई एक अर्कासँग सम्बन्धित रुपमा हेर्दछ । त्यसरी हेर्न सकेन भने अंशलाई मात्र जोड दियो भने त्यो अनुभववादी, व्यवहारवादी र रणनीतिमाथि मात्र जोड दियो भने उग्रवादी बन्न जान्छ । भनाइको मतलब सिद्धान्तलाई मात्र जोड दिने जडसूत्रवादी र व्यवहारलाई मात्र जोड दिने अनुभववादी गल्ती हुन्छ । त्यसैले यिनीहरुमा एकात्मकता कायम गर्नुपर्छ । त्यसो हुँदैन भने विभेदको समस्या पैदा हुन्छ र विभिन्न भड्कावहरु पैदा हुन्छन् ।

तसर्थ, द्वन्द्वात्मक भौतिकवादीले माओको शिक्षा अनुसार कुनै वस्तुको विशिष्टीकरण त्यसको समग्र चरित्रलाई बुझ्न वस्तुलाई एउटा अन्तरविरोधको रुपमा हेर्नुपर्छ र त्यसको विश्लेषण गर्नुपर्छ । विश्लेषण गर्दा विरोधी पक्षहरुको पहिचान गर्न एकलाई दुईमा विभाजित गरेर केस्रा-केस्रा केलाएर टुक्रा-टुक्रा पारेर हेर्नुपर्छ, पक्ष-विपक्ष केलाउनुपर्छ । हरेक वस्तु एक देखिए तापनि आन्तरिक रुपमा दुईमा विभाजित भएको हुन्छ । द्वन्द्ववादको विपरीत तत्वको एकता र सङ्घर्ष भनेको यही हो र द्वन्द्ववादको गुदी नै यही हो । समाजभित्रको वर्गसङ्घर्ष र पार्टीभित्रको अन्तरसङ्घर्ष यही विपरीत तत्वका बीचको एकता र सङ्घर्षमा द्वन्द्ववादले एकतालाई भन्दा सङ्घर्षलाई प्रधानता दिन्छ । किनभने सङ्घर्षले विकास प्रकृयालाई अघि बढाउँछ भने एकताले स्थिरता प्रदान गर्दछ । त्यसैले द्वन्द्ववादको विकासको क्रम भनेको एकता सङ्घर्ष-रुपान्तरण हो । यो क्रम निरन्तर चलिरहन्छ । सङ्घर्ष आदिदेखि अन्तसम्म एउटा प्रक्रियामा फैलिन्छ र एउटा प्रक्रियालाई अर्कोमा रुपान्तरण गर्दछ । त्यसैले सङ्घर्ष सर्वव्यापी विनाशर्त र निरपेक्ष हो ।

विश्लेषणबारे क.माओले भन्नु भएको छ, "कुनै वस्तुको विकासलाई बुझ्नु त्यसको अध्ययनभित्रबाट अरु वस्तुहरुका साथ त्यस वस्तुको सम्बन्धलाई हेर्नुपर्छ । वस्तुको विकासलाई त्यसको आन्तरिक र आत्मगत रुपमा हुनुपर्छ । प्रत्येक गतिमान वस्तुलाई परस्पर सम्बन्धित तथा एकले अर्कोलाई प्रभावित पार्ने वस्तुहरुका रुपमा हेर्नुपर्छ । कुनै वस्तुको मूलकारण त्यसको बाहिर होइन, भित्री अन्तरविरोधमा निहित हुन्छ । त्यसैले आन्तरिक गतिविधिलाई तीव्र पार्न सचेत पक्षको भूमिका महत्वपूर्ण हुन्छ । यान्त्रिक भौतिकवादी र सुधारवादीहरुले यस कुरालाई इन्कार गर्छन् । त्यसैले उनीहरु परिस्थितिको दास बन्छन् र स्वतःस्फूर्तवादी परिवर्तनकारी बन्छन् ।"

अतः माओको अन्तरविरोध सम्बन्धी धारणाले अंशहरुलाई पूर्णसँग समाविष्ट गरेको छ र त्यसका विशिष्टताहरुलाई पहिल्याउन मद्दत पुऱ्याएको छ । यसर्थ नै वस्तुहरुको व्यापक रुपमा विश्लेषण गर्न द्वन्द्ववादबाट मद्दत पाइन्छ । कुनै पनि वस्तुको अरु वस्तुका साथ सम्बन्ध भएका कारणले वस्तुको विकासको प्रकृतिलाई त्यसको दीर्घकालीन अवधिमा व्याप्त विकास प्रक्रिया तथा कुनै प्रक्रियाभित्रका विभिन्न चरणहरुका बीच माओले भेद गर्नुभएको छ । माओले यसलाई आधारभूत अन्तरविरोधको नाम दिनुभएको छ । आधारभूत अन्तरविरोध त्यसवेलासम्म रहिरहन्छ । जबसम्म त्यसको प्रक्रिया पूरा हुँदैन । त्यस प्रक्रियाको एउटा लामो अवधिसम्म रहिरहन्छ, यसलामो अवधिमा बेग्ला-बेग्लै स्थितिहरु आउँछन् ।



● हस्तबहादुर के.सी ●

यसमा माओले भन्नुभएको छ । प्रधान, अप्रधान अन्तरविरोधको जुन आधारभूत रुपले निर्धारित वा प्रभावित हुन्छ, त्यसमा कुनै अन्तरविरोध तीव्र हून्छ, कुनै अस्थायी वा आंशिक रुपबाट हल हुन्छ वा गौण बन्छ र केही नयाँ अन्तरविरोधको जन्म हुन्छ । त्यसलाई विभिन्न अवस्थाहरुबाट पहिल्याउन सकिन्छ । त्यसैले सम्पूर्ण प्रक्रियामा आधारभूत अन्तरविरोध रहन्छ नै तर प्रत्येक अवस्थामा एउटाले मुख्य अन्तर विरोध रहन्छ । मुख्य अन्तरविरोध किटान भएपछि क्रान्तिको निशाना ठीक ठाउँमा लाग्छ र त्यसका विरुद्ध जति शक्तिहरुलाई गोलबन्द गर्न मद्दत पुऱ्याउँछ ।

वस्तुपरक चीजहरुभित्र दुई पक्षहरु हुन्छन् । समाज पनि दुई पक्षबाट बनेका हुन्छन् । समाज पनि दुई पक्षमा एउटा मध्यशील र अर्को विकासशील पक्षको अनिवार्य जीत हुन्छ । यो क्रम निरन्तर चलिरहन्छ । दुई विपरित तत्वको एकताबाट समाज बनेको छ । अब दुई मिलेर एक हुने कुरामा जोड दिने एक विभाजित भएर दुई हुने कुरामा जोड दिने भन्ने कुरामा चीनमा दार्शनिक बहस चलेको थियो । माओले दुई मिलेर एक हुनेमा जोड दिने दृष्टिकोणलाई संशोधनवादी दृष्टिकोण शोषक र शोषितवर्गका बीच वर्गसहयोग तथा समाजवादमा शान्तिपूर्ण सङ्क्रमणको पक्षधर भनेर विरोध गर्नुभएको थियो ।

माओले समाजवादी समाजमा दुई वर्गहरुको दुई लाइनको र दुई दिशाको सङ्घर्ष जारी रहन्छ भने लगायत यो सबै कुराको व्याख्या एक विभाजित भएर दुई हुने सिद्धान्तको गर्नुभएको थियो । त्यसकारण परिस्थितिबद्ध सापेक्षिक एकता र परिस्थितिमुक्त निरपेक्ष सङ्घर्षको समिश्रणले सबै वस्तुहरुमा अन्तरविरोधको गतिलाई जन्म दिन्छ भन्ने कुरा बुझ्नु उहाँले जोड दिनुभएको थियो । यही कुरा नमान्यहरु पूँजीवादसँग जोड्न पुग्छन्, साम्राज्यवादका पुच्छर बन्छन् र क्रान्ति विरोधी हुन्छन् । त्यसकारण द्वन्द्ववादीहरुले वस्तुलाई बुझ्ने र त्यसलाई रुपान्तरण गर्नेबारे विश्लेषण गर्नु माओको द्वन्द्ववादी शिक्षालाई ग्रहण गर्नु आवश्यकमात्र होइन, अनिवार्य पनि हुन्छ ।

कुनै एउटा समस्या वा अन्तरविरोधलाई हल गरेर अर्को स्थितिमा पुऱ्याउनु नै संश्लेषण हुनु हो । यसको प्रक्रिया पनि निरन्तर चलिरहन्छ । जब वस्तुलाई बुझ्न विश्लेषणको सहायता लिन्छौं, त्यसैबाट द्वन्द्वात्मक ढङ्गले निचोड पनि निस्कन्छ । संश्लेषण नै त्यही हो । सही ढङ्गले विश्लेषण हुन सकेमात्र सही विश्लेषण हुन सक्छ । अन्तरविरोधको ज्ञानलाई सहज ढङ्गबाट अन्तरविरोधको समाधान जोड्नुपर्छ । ठिक ढङ्गले अन्तर विरोध पहिल्याइँदैन, समाधानसँग जोडिँदैन भने विश्वसम्बन्धी व्याख्या र त्यसलाई परिवर्तन गर्ने कुराहरु मनोमानी ढङ्गबाट हुन्छ । अनि समस्याले जटिल रुप लिनपुग्छ र अन्तरविरोध एकातिर समाधान अर्कोतिर एकबाट अर्को अलग्गिन पुग्छ । यसले गर्दा वस्तुगत यथार्थ एकातिर हाम्रो ज्ञान, अर्कोतिर विभेदका अवस्थाहरु पैदा हुन्छन् । त्यसैले मार्क्सवादी द्वन्द्ववादी सिद्धान्तको काम हो समस्या बुझ्ने र समाधान गर्ने कुरा घनिष्ट रुपमा जोडिनुपर्छ ।

गतिको प्रकृति के हो ? के गति रोकिन सक्छ ? के गतिको प्रक्रियालाई दिशा दिन सकिन्छ ? यसबारे माओले भन्नुभएको छ । "पहिलो वस्तुको विकास निरन्तर निषेधको एउटा प्रक्रियाद्वारा हुन्छ । यो प्रक्रिया कहिल्यै समाप्त हुँदैन । सबै ...बाँकी ७ पेजमा

# विना सहमति ब्रेकजिट हुने आशंका



काठमाडौं । ब्रिटिश संसदमा तातो आलु बनेको 'ब्रेकजिट' को मुद्दा युरोपीय युनियनमा आशंकाको कुहिरो बनेको छ । बेलायती संसदमा प्रधानमन्त्री थेरेसा मेको ब्रेकजिट अनुमोदनका लागि चाहिने जति मत नपुग्ने भएकाले उनी युरोपीय युनियनबाट अलग हुने सहमति अनुमोदनको प्रस्ताव लिएर युनियनको संसदममा जान नसक्ने भएकी छन् ।

यदि यसो हुन सकेन भने सामान्य बहुमतका आधारमा थरेसा मेले युरोपियन युनियनसँग बेलायत अलग्गिएको घोषणा गर्नसक्ने संभावना प्रवल बनेर गएको छ । अमेरिकाले युरोपसँगको र विश्वभरको उदारीकरण र विश्व बजारीकरणको विरोध गर्दै संरक्षणवादी अर्थनीतितिर फर्किएको सन्दर्भमा बेलायत पनि युरोपियन युनियनबाट आफ्नो घरतिर फर्किन लागेको छ । तर यो फकाई अमेरिकाको जस्तो सहज र फाइदाजनक भने बेलायतलाई नहुने देखिएको छ ।

विना सहमति बेलायतले युरोपियन युनियनबाट अलग भएको घोषणा त गर्ने होइन भनी युरोपीय युनियनको संसद चनाखो भएर बेलायती शासकहरुमाथि तीखा आँखा लगाइरहेको छ । यदि बेलायत ईयुबाट अलग हुने भयो भने उसले अलग भएवापत् करोडौं डलर क्षतिपूर्ति इयुलाई दिनुपर्ने छ । बेलायती संसदमा थेरेसा मेले भोगिरहेको राजनीतिक निकासको अप्ठेरोलाई बहाना बनाएर मेले इयुसँग विना सहमति अलग भएको घोषणा गरेमा ईयुले पाउने क्षतिपूर्तिको रकम दिन बेलायत बाध्य नहुन पनि सक्छ । तर कानुनविदहरु भने यदि यसो भएमा वा सचेततापूर्वक गरिएमा वर्षौंसम्मको मुद्दामामलाको कानुनी झमेलामा ईयु र बेलायत तानिइरहने छन् ।

यही विवादका कारण एक पटक विश्वभर साम्राज्य फैलाएको 'सूर्य नअस्ताउने देश' बेलायत अहिले आर्थिक मन्दीतर्फ धकेलिँदै गइरहेको छ । ब्रेकजिटको अन्यौलतासँगै ' फ्रिजिङ मनी' को रुपमा रहेको बेलायती स्टर्लिङ पाउण्डको भाउमा दिनदिनै गिरावट आइरहेको छ । पहिले डलरको तुलनामा करीब डबल मूल्य रहेको स्टर्लिङ पाउण्ड घट्दो अवस्थामा छ । अर्थविदहरुका अनुसार ब्रेकजिटको टुंगो नलाग्दासम्म बेलायती पाउण्डको भाउ घटिरहने छ । बेलायती अर्थतन्त्र सुधारका लागि युरोपियन युनियनबाट अलग रहने भनी थालनी गरिएको ब्रेकजिटको निकासमा देखिएको अन्यौलताका कारण बेलायती अर्थतन्त्र नै ओह्रालो लाग्दै गएको विश्लेषकहरुको मत रहेको छ ।

ईयुबाट बहिर्गनको एजेण्डा उठाएर चर्चामा आएकी बेलायती प्रधानमन्त्री थेरेसा मे यही एजेण्डाका कारण अहिले विवादमा तानिएकी छिन् । आफ्नै ४८ जना सांसदहरुले दिएको वैधानिकताको चुनौती सामना गरेर विश्वासको मत पाएकी उनी अब विपक्षी लेबोर पार्टीद्वारा राखिएको आविश्वासको एक हप्ताभित्र सामना गर्ने दबाबमा छिन् ।

प्रक्रिया लम्बिदै जाँदा राष्ट्रिय एजेण्डाका रुपमा रहेको ब्रेकजिट अब क्रमशः राजनीतिकरण हुँदै गएको छ । यही एजेण्डाका कारणले बेलायती संसदमा कञ्जरभेटिवको मत पनि विभाजित हुन पुगेको छ । आफ्नै सांसदहरु पनि विभजित भएपछि टेरेजा निकै संकटमा छिन् । विभाजित बेलायती संसदका लागि ब्रेकजिट 'भेंडाको मुखमा कुभिण्डो' झैं भएको छ ।

ब्रेकजिटको कुरा बेलायती राष्ट्रियतासँग जोडिए आए तापनि संसदमा भएको मतभिन्नताका कारण थेरेजा मेले नियमित सूचीअनुसार ब्रेकजिटको एजेण्डा संसदमा पेश गर्न सकेकी छैनन् । एजेण्डामा 'गोल' गर्न नसकेपछि उनीमाथि लगातार कहिले आफ्नै सांसदहरुले त कहिले विपक्षीहरुले खेलका लागि भकुण्डो फ्याँक्ने गरिरहेका छन् । भर्खरै मात्र विपक्षीले संसदमा दर्ज गरेको अविश्वासको मत परिणाम जेसुकै आए पनि टेरेजाले 'फेस' गरेरै जानुपर्ने देखिएको छ । तर विपक्षी लेबोर पार्टीका लागि पनि यो कम चुनौतीको विषय भने छैन ।

# श्रीलंकामा विक्रमेसिंघे पुनर्स्थापित



काठमाडौं । श्रीलंकाली प्रधानमन्त्रीमा रानिल विक्रमेसिंघे पुनर्स्थापित गरिएका छन् । श्रीलंकाली सर्वोच्च अदालतले राष्ट्रपति सिरिसेनाको संसद भंग गर्ने निर्णय अवैधानिक भएको फैसला गरेपछि उत्पन्न नयाँ परिस्थितिअनुसार राजापक्षेले प्रधानमन्त्रीको ओहदाबाट राजीनामा दिएपछि विक्रमेसिंघेको पुनर्स्थापित हुने ढोका खुलेको हो ।

राष्ट्रपति मैथ्रिपालाले विक्रमेसिंघेको पुनर्स्थापनाको स्वागत गर्दै यसलाई वैधानिकता दिन पुगेका छन् । उनले चालेका कदमहरु एकपछि अर्को गरी कमजोर र आधारहीन बन्दै गएपछि अन्ततः यो स्थितिको पुनर्स्थापना भएको हो ।

गत अक्टोबरमा प्रधानमन्त्री रानिल विक्रमसिंघेलाई बर्खास्त गरी राष्ट्रपति निर्वाचनका बखत उनका प्रतिद्वन्द्वी महिन्दा राजापाक्षेलाई प्रधानमन्त्रीका रुपमा नियुक्त गरेका थिए । त्यस लगत्तै मैथ्रिपालाला सिरिसेनाले संसद बिघन गरेका थिए । मैथ्रिपालाको प्रधानमन्त्री वर्खातको कदमको निकै विरोध भएको थियो । यसमाथि संसद नै बिघटन गरेपछि त उनको विरोध सडकमा नै पोखिएको थियो ।

यी कदमहरुका विरुद्ध एकएक गरी अदालतमा रिटहरु परिरहेका थिए । लंकाली सर्वोच्च अदालतले पहिले संसद पुनर्स्थापनाको मुद्दालाई व्युँझाइदिए पछि राष्ट्रपतिका सबै कदमहरु अमान्य हुन पुगेका छन् ।

# नेपाल–जापान श्रमसंझौताको आन्तरिक तयारी

काठमाडौं । जापानले आफूलाई केही थप श्रमशक्ति आवश्यक भएको भनी अध्यागमनको नीति खुकुलो पारेपछि नेपाल सरकारले जापानसँग श्रमसंझौताका लागि कुराकानी अघि बढाएको बताइएको छ । नेपालीहरुका लागि एक आकर्षक श्रम गन्तव्यको रुपमा रहेको जापानले नेपाली श्रमिकहरुका लागि पनि प्राथमिताका साथ श्रमको ढोका खुला गरेको छ ।

जापानी अध्यागन नीति खुकुलो भएको सूचना पाउने वित्तिकै त्यहाँ गएर केही रोजगारी पाउनसक्ने नेपाली दक्ष जनशक्तिले तत्कालै नेपाल सरकारलाई श्रमसंझौताका लागि हात अघि बढाउन दबाब दिन थालेको थियो । यसअघि नेपालका लागि अध्ययन भिसा मात्र दिँदै आएको जापानले श्रमका लागि भिसा दिने भएपछि लक्षित समूहहरु जापान जानका लागि सलबलाइरहेका छन् ।

जापानले नेपालबाट चाहेको दक्ष जनशक्ति भनेको स्वास्थ्य, निर्माण, कृषि तथा घरायसी स्याहारसुसारका लागि रहेका छन् । भूकम्प तथा सुनामीले बारम्बार सताइरहने जापानमा निर्माणका कामहरु पछिल्लो पटक केही बढेको पनि बताइएको छ । जापान सरकारले नयाँ मादण्ड अनुसार निर्माण कार्य अघि बढाउने भएपछि जोखिमयुक्त काम गर्ने कामदारदेखि बूढाबूढी र विरामीको स्याहारसुसार गर्ने नर्सहरु उसलाई आवश्यक रहेको बताएको छ । हाल जापानमा वृद्धवृद्धा ८० वर्षभन्दा माथिका छन् ।

# मेक्सिको सीमा–पर्खाल निर्माण बजेट अमेरिकी सिनेटद्वारा अस्वीकृत



काठमाडौं । अमेरिकी सिनेटभित्र 'मेक्सिको पर्खाल' विवादले निकै ठूलो रुप लिएको छ आधा रातसम्म लम्ब्याएर सिनेटको वैठक चलाउँदा पनि पारित हुन नसकेको मेक्सिको पर्खाल विवाद र त्यससँग जोडिएको संघीय निकाय खर्च अलपत्र परेको छ । सिनेटमा राष्ट्रपति ट्रम्पको रिपब्लिकनको पार्टीको बहमत नहुँदा यो समस्या निम्तिएको हो ।

मेक्सिकोको सीमानामा पर्खाल बनाउनुमा अमेरिकालाई फाइदा छ वा घाटा ? यो त अमेरिकाको आप्रवासनसम्बन्धि नीति र मेक्सिकोसँग रहेको वा बनाइँदै गरेको सम्बन्धमा भर पर्नसक्छ । तर ट्रम्प भने आफूले अपनाएको संरक्षणवादी नीतिको मुख्य जोड यसैमा रहेको जस्तो गर्न थालेका छन् ।

सिनेटमा भएको यो गत्यावरोधका कारणले शुक्रवारदेखि अमेरिकी शेयर बजार निकै ओह्रालो लागेको छ । डेमोक्र्याटहरुले ट्रम्पको झोंक र दम्भले गर्दा सिनेटलाई नै बन्दी बनाउन खोजेको आरोप लगाएका छन् । उनीहरुले ट्रम्पले देश र जनताका लागि हानी हुने खालका एजेण्डाहरुमा पुनर्विचार नगरेमा देशमा भयाबह स्थितिको सिर्जना हुनसक्ने चेतावनी पनि दिएका छन् ।

यो भन्दा पनि तत्कालको महत्वपूर्ण कुरा त के भएको छ भने मेसिकोको पर्खालसँगै जोडिएको संघीय निकाय खर्च बजेट पनि पारित हुन सकेको छैन । यसबाट हाल संघीय व्युरोमा कार्यरत १० लाख कर्मचारीहरुको जनवरीदेखि खुवाउने तलव नै छैन । यसका साथै मेक्सिको सीमानामा पर्खाल उठाउनका लागि आवश्यक छअर्ब डलर रकमको बजेट माग पनि पारित हुन सकेको छैन ।

# के आईएस्लाई हतियार बेच्दै छन् ट्रम्पले ?

## सिरिया युद्धबाट अमेरिका फिर्ता

काठमाडौं । लामो समयदेखि एशियाली भूमि सिरियामा अमेरिकाले चलाइरहेको इस्लामिक स्टेट (आईएस्) विरुद्धको लडाइँमा आईएस् पूर्ण रुपमा पराजित भएको भन्दै अमेरिकाले आफ्ना सेनाहरुलाई घर फिर्ती हुने आदेश दिएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पका अनुसार अमेरिकी सेना बुधवार फिर्ता गरिने छ ।



सेना फिर्तीका विषयलाई लिएर अमेरिकाभित्रै र मूलतः पश्चिमा जगतमा निकै ठूलो हलचल पैदा भएको छ । 'आईएस् समाप्त नभएको', 'पुनर्जीवित हुन सक्ने', 'लडाइँ जारी नै रहेको', 'ट्रम्पले खेलवाड गरेको' जस्ता तर्कहरुले पश्चिमा सञ्चारमाध्यमहरुमा बजार पाइरहेका छन् । तर पेन्टागनले भने सिरियामाथि दोस्रो ठूलो सैन्य आक्रमणको तयारी रहेको कुरा प्रचारमा ल्याएको छ ।

अमेरिकी सेना सिरियाबाट फिर्तीको कुरालाई अमेरिकाले रिटिटका रुपमा व्याख्य गनृ खोजेको देखिएको छ भने अन्य मुलुकहरुले हार खाएर फर्किएको रुपमा अर्थ्याउन थालेका छन् । यसका साथै यदि अमेरिकाको दोस्रो आक्रमणको तयारीका रुपमा व्याख्या गर्ने हो भने उसले अमेरिकी सेना त्यहाँबाट हटाएर अन्धाधुन्ध हवाई आक्रमण र भीषण नरसंहारको रणनीति लिएर आउने देखिन्छ । विगतका उसका कमी कमजोरीहरुलाई नियाल्ने हो भने अफ्गानिस्तानमा अमेरिकाले आफैले खसालेको बमगोलाबाट आफ्नै बटालियन सिध्याएको थियो । यसले अमेरिकामा ठूलो हंगामा नै मच्चाएको थियो । त्यसो फेरि नहोस् भन्नका लागि सेना फिर्ता गरी हवाई आक्रमणमा अमेरिका उत्रने तयारी गरेको अनुमान पनि गरिँदै छ ।

आन्तरिक रुपमा पेन्टागनको तयारी त के छ खुलाइएको छैन, तर ट्रम्पले उल्टै आईएस्सँग हतियार बेच्ने सहमति गरेको वा गर्नसक्ने अनुमानहरु पनि राजनीतिक वृत्तमा चल्न थालेको छ । ट्रम्पको अहिले सम्मको व्यवहार त्यसैका वरिपरि रिंगिरहेको देखिन्छ । उत्तर कोरियाका राष्ट्रपतिलाई सिंगापुरम भेटी मेरो हतियार किन म तिमीमाथि लगाएको नाकाबन्दी खुला गरिदिन्छु भनेको कुरा खुल्नमा आएको छ ।

त्यसै गरी साउदी युवराजलाई पत्रकार खसोग्जीको हत्या आरोप लगाउँदै तर उनी आफ्ना मित्र भएको व्याख्या गर्ने ट्रम्पले साउदी अरबलाई पत्रकार हत्याको निहुँ बनाएर अमरिकी हतियार भण्डारमा परिणत गर्दै छन् । विश्लेषकहरु त यहाँसम्म पनि भन्छन् कि खसोग्जीको हत्या गराएपछि हतियार बेच्न सकिने योजना ट्रम्पकै हुन पनि सक्छ । उनी निहुँ खोज्ने, लडाइँ गर्ने र बाध्यात्मक अवस्था सिर्जना गराएपछि हतियार बेच्ने नीति चतुर्‍याइँका साथ लागू गर्नमा लागिरहेका छन् ।

युद्ध नसकिँदै सिरियाबाट अमेरिकी सेना फिर्ता गरिन थाल्नु, युरोपलाई बारम्बार धम्क्याइरहनु र रसिया तथा चीनमाथि आक्रामक बनेर प्रस्तुत हुनु ट्रम्पको राजनीतिक प्रवृत्ति बनेको छ । उनले हिटलरलाई रसियासँग लडाएको दोस्रो विश्वयुद्धको साम्राज्यवादी कुटनीति आईएस्मा प्रत्यारोपण गरी चतुर्‍याइँपूर्वक प्रयोग पनि गर्न सक्छन् ।

हालसम्मका अमेरिकी राष्ट्रपतिहरुमा ट्रम्प नै यस्ता पात्र हुन् जो सानोभन्दा सानो कुरामा चासो राख्ने र आफैले अवलोकन र प्रयोग नगर्दासम्म अरुको पत्यार नै नमान्ने गरिरहेका छन् । सिरिया युद्धसँगै आईएस् बन्दी नेताहरुमार्फत् उनले यो कुटनीति आइएस्का उपल्लो तहका नेताहरुसम्म पठाएको पनि हुन सक्छ । यी तर्कहरु अबका केही साताभित्रै व्यवहारमा अभिव्यक्त हुने राजनीतिक विश्लेषकहरुको अनुमान रहेको छ ।

अमेरिकी सेना घर फिर्ती र आईएस्माथि अर्को आक्रमणको मनोवैज्ञानिक प्रचारको घुम्टोभित्र युद्धको ठूलो तयारी भइरहेको र ट्रम्प त्यसको योजनाकार रहेको रसियाली राष्ट्रपति भ्लादिमिर पुटिनले खुलस्त गरिरहेका छन् । तात्कालीन सोभियत सत्ताका विरुद्ध ओसामा विनलादेनलाई तोराबोराको पहरामा माइनिङ सुरुङहरु खनेर आधुनिक हातहतियारले सुसज्जिनत बनाई लडाएको अनुभव अमेरिकीहरुलाई छ । यो पनि प्रयोगमा आउनसक्ने ट्रम्पको अनुमानलाई नजरअन्दाज गर्न मिल्दैन ।

यसैबीच सिरियाबाट अमेरिकी सेना फिर्तीका लागि भएको मतभेदमा ह्वाइट हाउसका सबैभन्दा वरिष्ठ अधिकारी जेम्स मेटिसले आफ्नो पदबाट राजीनामा दिएका छन् । उनले ट्रम्पसँग काम गर्न अप्ठेरो भएको जनाउँदै ट्रम्पसँग मिल्ने, काम गर्न सजिलो हुने, उनी निकट रहेका, आफूभन्दा दक्ष र सक्षम मानिस नियुक्त गरी कामकार्य सहजीकरण गर्न आफूले राजीनामा दिएको बताएका छन् ।

## कुटनीतिक सन्तुलन...

करिब ३० करोड डलर बजेट छुट्याएको छ । जसमा २ ९ करोड ५ लाख डलर सैन्य क्षेत्रमा अनुदानस्वरूप खर्च गर्नेछ । उसले सुरक्षा सहायताअन्तर्गत नेपाल, बंगलादेश, इन्डोनेसिया, मंगोलिया, प्यासिफिक आइल्यान्ड, फिलिपिन्स, श्रीलंका, भियतनाममा सञ्चालित परियोजनामा लगानी गर्ने नीति लिएको छ ।

परराष्ट्रमन्त्री ज्ञवालीसँगको वार्तामा अमेरिकी समकक्षी माइकल रिचर्ड पोम्पेओले स्वतन्त्र, खुला र सम्पन्न 'इन्डोप्यासिफिक' क्षेत्रमा नेपालको केन्द्रीय भूमिका रहने बताएका थिए । विदेश मन्त्रालयका सहायक प्रवक्ता रोबर्ट पालाडिनोको विज्ञप्तिमा उत्तर कोरियालगायत अन्तर्राष्ट्रिय मामिलामा पनि कुराकानी भएको उल्लेख छ ।

ज्ञवालीसहित सहभागी रात्रिभोजमा नेपाली पत्रकार हरुसँग कुरा गर्दै अमेरिकी प्रिन्सिपल डेपुटी सहायकमन्त्री एलिस जी वेल्सले इन्डोप्यासिफिक क्षेत्रमा नेपालको विशिष्ट स्थान रहेको बताएकी स्रोले जनायो । अमेरिकाको 'इन्डो प्यासिफिक स्ट्राटेजी'मा नेपाललाई सामेल गर्ने अमेरिकी चाहनालाई कुटनीतिक-सामरिक मामिलाका जानकारहरुले चीनलाई काउन्टर दिन अमेरिका थप आक्रामक रुपमा आउन खोजेको टिप्पणी गरेका छन् ।

उनीहरुले चीनलाई काउन्टर ब्यालेन्स गर्नका लागि नेपाललाई अमेरिकाले बढी प्राथमिकता दिएको अर्थमा विश्लेषण गरेका छन् ।

चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरइ) अघि सारेपछि इन्डो प्यासिफिकमा आफ्नो प्रभाव नखस्कियोस् भनेर अमेरिकाले यो नीति अघि सारेको उनीहरुको बुझाई छ । अमेरिकी राष्ट्रपतिको राष्ट्रिय सुरक्षा रणनीतिको प्रमुख प्राथमिकता यतिबेला इन्डो-प्यासिफिक क्षेत्र रहेको छ । इन्डो-प्यासिफिक क्षेत्रमा बढ्दो अमेरिकी चासो र उपस्थितिलाई चीनले आफूविरुद्धको घोरबन्दीको रुपमा बुझ्ने गरेको छ ।

इन्डो-प्यासिफिक स्ट्राटेजीअन्तर्गत हिन्द महासागर र प्रशान्त महासागर क्षेत्रमा पर्ने उत्तर एशिया, ओसिनिया (प्रशान्त क्षेत्र) दक्षिण(पूर्वी एशिया, दक्षिण एशियादेखि पूर्वी अफ्रिका क्षेत्रसम्मका मुलुकहरु पर्दछन् । यसैबीच, नेपाल सरकारले यस वर्ष नेपाली सेनालाई ६ अर्ब ९० करोड रुपैयाँबराबरका हतियार खरिद गर्ने निर्णय गरेको छ ।

समाचार स्रोतका अनुसार अमेरिकासँग १० हजार थान एम-१६ तथा अन्य हतियार र गोलीगठ्ठा खरिद प्रक्रिया अघि बढेको छ । त्यस्तै, अमेरिकी गठबन्धनको सहयोगी इजरायलबाट ६ हजार ४ सय ९२ थान हतियार किन्ने तयारी गरिएको छ । इजरायलबाट ३ अर्ब ४५ करोड ४ लाख रुपैयाँ र अमेरिकाबाट २ अर्ब १९ करोड ४१ लाख रुपैयाँ बराबरको हतियार खरिद गर्न लागेको हो । अमेरिकाबाट सेनाका लागि चारवटा स्काइ ट्रक पनि खरिद गर्ने तयारी भइरहेको स्रोतको दावी छ ।

आफ्नो सुरक्षा छाताभित्र राख्न मरिहत्ते गरिरहेको भारत, चीनविरोधी सुरक्षा रणनीतिको केन्द्रीय भूमिकामा राख्न चाहने अमेरिका र आफूविरुद्ध नेपाल र नेपाली भूमि प्रयोग नहोस् भनेर चासो राखिरहेको चीनका बीच कुटनीतिक सन्तुलन कायम गर्न नसक्ने हो भने नेपाली सार्वभौमिकता जोखिममा पर्ने देखिँदै गएको छ ।

शासकहरुले मुलुकको भूराजनीतिक स्थितिलाई ख्याल गर्दै छिमेकी तथा विदेशीसँग समदुरी र परस्पर हितमा आधारित भएर कुटनीतिक सम्बन्ध विकसित गर्न जरुरी छ । यति संवेदनशील विषयमा सम्बन्धित क्षेत्रका विज्ञ तथा पक्षसित पर्याप्त छलफल नै यसरी कुटनीतिक सन्तुलन विगार्ने गरी सम्बन्धहरु विकसित गर्न खोज्नुले मुलुकलाई दुर्घटनामा पुऱ्याउन सक्छ । यसतर्फ शासकहरु संवदेनशील देखिएका छैनन् ।

## दाङ बस दुर्घटना...

बिरेन्द्र कन्डराको पनि दुर्घटनामा मृत्यु भएको छ । त्यस्तै दाङको दंशिशरण गाउँपालिका १ का २० बर्षीय सञ्जित रत्गैया, दाङको घोराही १४ का १७ बर्षीय बिजय जिएम, जाजरकोटको खलंगा नगरपालिका ४ का आतिश नेपाली, दाङको बबई गाउँपालिका ५ की २१ बर्षीया कविता खत्री, डोल्पाको गजदुल्ला गाउँपालिका ६ का १६ बर्षीय गजेन्द्र ऐडी र कञ्चनपुरको कृष्णनगर नगरपालिका ५ का १७ बर्षीय खेमराज भट्टको मृत्यु भएको छ । बझाङको जयपृथ्वी नगरपालिकाका महेश जोशी र बाजुराको बुढिगंगा गाउँपालिका १० का लोकेन्द्र रावलको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते भएका १४ मध्ये १२ जनालाई नेपालगञ्जबाट हेलिकोप्टरमार्फत् काठमाण्डौ ल्याइएको छ भने एक जनाको कोहलपुर मेडिकल कलेजमै उपचार भैरहेको र एक जना उपचारपछि घर फर्किएका छन् ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) दाङले एक वक्तव्य जारी गरी तुलसीपुर बस दुर्घटनाका मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको निःशुल्क शिघ्रातीशिघ्र उपचार गर्न र मृतक परिवारहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकारसित जोडदार माग गरेको छ । क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समेत रहेका दाङ जिल्लाका इन्चार्ज हिरामणि दुःखीले जिल्ला पार्टीको तर्फबाट एक वक्तव्य जारी गर्दै यस्तो माग गरेका हुन् । शनिवार दुःखीले जारी गरेको वक्तव्यमा २३ जनाको ज्यान जाने गरी भएको घटनाले पार्टी स्तब्ध भएको उल्लेख गरेका छन् ।

वक्तव्यमा भनिएको छ, "निकै त्रासद एवम् दुःखदपूर्ण घटनाबाट निधन भएका शिक्षक, विद्यार्थी र चालकहरू सबैमा हार्दिक श्राद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शिघ्रातिशिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु । र, मृतक एवम् घाइतेहरूका परिवार, आफन्तजन, क्याम्पस परिवार र सम्वन्धित सबैमा गहिरो समवेदना टर्क्याउन चाहन्छु । यस घटानाबाट भएको मानवीय क्षतिप्रति गम्भीर ध्यानाकर्षण गराउँदै घाइतेहरूको उपचार खर्च र मृतकका परिवारहरूलाई क्षतिपूर्ति दिन सरकारसँग जोडदार माग गर्दछु ।

उक्त सडकखण्डको स्तरोन्नती नहुँदा सोही स्थानमा बारम्बार दुर्घटना हुने गरेको उल्लेख गर्दै दुःखीले उक्त सकड खण्डको स्तरोन्नतीका लागि तत्काल पहल गर्न पनि सरकारसित जोडदार माग गरेका छन् । उनले वक्तव्यमा भनेका छन्, "उक्त स्थानमा दुर्घना भएको यो तेस्रो घटना हो भने यस राजमार्गमा यसप्रकार ठूलठूला दुर्घटना दर्जनौ पटक भइसकेका छन् । यस अघि सोही स्थानमा केही बर्ष अगाडि रुकुमबाट फर्कंदै गरेको ट्र्याक्टर र बाइक दुर्घना भई जन धनको क्षति भइसकेको छ । तुलसीपुरबाट सल्यान हुँदै रुकुम जोड्ने उक्त राजमार्गको प्रारम्भिक सर्भे २०२४ सालमा भएको र केही समयपछि ट्र्याक खोल्न सुरु गरिएको हो । २०४२ सालबाट पहिलो पटक नियमित रूपमा सल्यानमा गाडि गुड्न थालेको सो बाटोको अझैसम्म स्तरोन्नती हुन सकेको छैन । त्यस यता स्वयम् सल्यानबाटै देशको प्रधानमन्त्री समेत भएका र सल्यान, रुकुम, रोल्पा, दाङ, र जाजरकोटबाट दर्जनौ नेता मन्त्री भइसक्दा पनि उनीहरू कसैबाट पनि यो बाटोको स्तरोन्नती गरी राजमार्गको मापदण्डअनुरूपको बाटो बनाउनमा चासो दिइएको छैन । केही बर्ष अगाडि एक लेनको सामान्य पिच गरिएको बाटो अहिले करिब पचास प्रतिशत भन्दा बढि भत्किसकेको छ । त्यसैमा पनि रोल्पाबाट दिनहुँ दर्जनौको सङ्ख्यामा बाटोको भारबहन क्षमता भन्दा बढि लोड गरिएका सिमेन्ट उद्योगको क्लिङ्कर बोकेका ट्रिपर कपुरकोटबाट दाङ झर्ने गर्नाले बाटो जीर्ण बन्न पुगेको छ। यसतर्फ सम्वन्धित सरकारी निकायको ध्यान जान जरुरी छ। कम महत्वका स्थानमा पनि डोजर लगाएर जथाभावि बाटो खनेर विकासको डिँग हाँक्नु भन्दा भएका र बढि चालु रहने यस्ता राजमार्गमा बजेट विनियोजन गरी तुरुन्त राजमार्गको स्तरोन्नती गर्न सरकारसँग जोडदार माग गर्दछु ।

## संघर्षका खाका कोर्दै...

भएका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरुलाई लिएर क्रान्तिकारी माओवादीले देशव्यापी संघर्षको उठानको तयारी गर्दै आएको छ । केन्द्रीय समितिले गरेका निर्णयहरुको स्पिरिटलाई पकड्दै प्रदेश समितिहरुले संघर्षका योजनामा केन्द्रित रहेर छलफल भएको पार्टी पिविएम तथा ४ नं. प्रदेश सचिव श्यामले बताए । क्रान्तिकारी माओवादी ४ नं. प्रदेशले आउँदो जेठमा प्रदेश सम्मेलन गर्ने समेत निर्णय गरेको छ। यसैगरी अन्य प्रदेशहरुमा पनि प्रदेश सम्मेलनको तयारीका साथै संघर्षका ठोस योजनाहरु तर्जुमा गर्न छलफलहरु केन्द्रित भएको सम्बद्ध स्रोतले जनाएको छ ।

## संघर्षलाई ....

गरेको रिपोर्टको सार भनेको मोर्चाको सांगठनिक र सङ्घर्षको गतिविधि के गरी र कसो गरी बढाउनु पर्ने भन्नेमा केन्द्रित रहेको थियो ।

रिपोर्टिङपछि नेवाः मोर्चाका अध्यक्षबाट बैठकमा 'तात्कालिक राजनैतिक तथा सांगठनिक प्रस्ताव' पेस गरिएको थियो । उक्त प्रस्तावमाथि उपस्थित सबै सहभागीहरुबीच व्यापक छलफलका क्रममा आएका सुझावहरुसहित प्रस्ताव समृद्ध गर्ने एकमतसहित प्रस्ताव पारित गरिएको थियो । पारित प्रस्तावमा ओली नेतृत्वको सरकार बदनाम र असफल भएको; मुलुकमा वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय र सामुदायिक उत्पीडन यथावत कायम रहेको; भारतीय विस्तारवादका कारणले आन्तरिक राष्ट्रियता गंभीर संकटमा रहेको; वर्तमान संविधान-०७२ र ब्राह्मणवादी ओली नेतृत्वको सरकार तथा पार्टीका कारण आन्तरिक राष्ट्रियता पनि गंभीर समस्यामा रहेको निष्कर्ष निकालिएको छ ।

त्यसै गरी आदिवासी नेवाः जाति सबैभन्दा ठूलो जातीय उत्पीडनमा परेको स्थिति छ । यसले कहिं नेवाः जाति लोप हुने अवस्थामा त पुग्ने होइन भन्ने गम्भीर चिन्ता पनि व्यक्त गरिएको रहेको छ । वर्तमान ओली नेतृत्वको सरकारमा आकाशिंदो महंगी, भ्रष्टाचार, तस्करी, महिला हिंसा, बलात्कार र हत्या जस्ता कुराहरु बढ्न गई संघीयता र कम्युनिष्ट पार्टीलाई बदनाम गराउने खेल चलिरहेको ठहर गरिएको छ ।

अन्तर्राष्ट्रिय रुपमा रुस-चीन गठबन्धन, युरोपीयन युनियन र अमेरिका गरी विश्व मुलतः तीन ध्रुवमा विभाजित रहेको विशलेषण गर्दै चीन र अमेरिकाको व्यापार युद्धले विश्वमा तनाव बढ्दै गएको बताइएको छ । यसले समग्रमा हिजोको स्थितिमा परिवर्तन आएको र क्रान्तिकारीहरुका लागि परिस्थिति अनुकूल बन्दै गएको पनि बताइएको छ । आदिवासी, जनजाति र नेवाः जातिको आन्दोलन क्रान्तिकारी शक्ति शक्तिशाली नभएको कारणले गर्दा केही सुस्ताएको बेलामा पारित प्रस्तावमा नेवाः आन्दोलनको सहि कार्यदिशा, नेवाः आन्दोलनका आधारहरु र नेवाः आन्दोलनका मुद्दाहरु उल्लेख गरिएका छन् ।

प्रस्तावमा एकताा कुराहरुलाई कायमै राखी अहिले ध्रुवीकरणलाई प्रधान बनाएर आवश्यकता अनुसार संयुक्त मोर्चा र कार्यगत एकता गरी संघर्ष उठान गर्ने कुराहरुको उल्लेखसहित आगामी काममा वैचारिक राजनैतिक काम, संगठनात्म काम, संघर्ष र प्रचारप्रसार आदिलाई सशक्त रुपमा अघि बढाउने कुरामा जोड दिइएको छ ।

वैठकले सांगठनिक रुपमा पनि केही महत्वपूर्ण निर्णयहरु लिएको छ । नेवाः मोर्चाका महासचिव श्री सुरेश श्रेष्ठलाई उपाध्यक्षको र ध्रुवीकरण प्रक्रियामा नेवाः मोर्चामा आबद्ध हुनु भएका श्री शिव श्रेष्ठलाई मोर्चाको महासचिवको जिम्मेवारी दिइएको छ । ध्रुवीकरणसँगै नेवाः मोर्चाको राष्ट्रिय भेला ०७६ बैशाख अन्तिम हप्तामा गर्ने निर्णय गरिएकाले त्यस अगावै स्थानीय तह, जिल्ला र प्रदेशको भेला/सम्मेलन सम्पन्न गर्ने निर्णय गरिएको पनि बताइएको छ ।

मोर्चाले संघर्षका कार्यक्रमहरु पनि घोषणा गरेको छ जसमा ज्ञापनपत्र बुझाउने, व्यापक जनपरिचालन गर्ने र आमहडतालसम्म जाने निर्णय गरिएको छ । वैठकपछि प्रेसित विज्ञप्तिमा मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ र महासचिव शिव श्रेष्ठको हस्ताक्षर रहेको छ ।

## युरोपमा येल्लो...

सुंक्त राज्य अमेरिकासँगको तिक्तताका कारण आज युरोप भुई न भाडोमा भएको अवस्था छ । जलवायु परिवर्तन, इरान आणविक सम्झौता, नाटोमा युरोपको लगानी वृद्धि लगायतका विषयमा संरा अमेरिका र युरोपेली देशबीच द्वन्द्व पटक पटक सतहमा आइसकेको विषय हो। युरोपेली नेतालाई ट्रम्पले र ट्रम्पलाई युरोपेली नेताहरूले सिधासिधा गरेका आलोचनाले विश्व राजनीति बेलाबेला तातिरहेको हुन्छ । प्रथम विश्वयुद्ध अन्त्यको शतवार्षिकीको अवसरमा फ्रान्समा आयोजित समारोहमा फ्रान्सेली राष्ट्रपतिले संरा अमेरिकी राष्ट्रपति ट्रम्पको राष्ट्रवादको खुलेर आलोचना गरेका थिए । त्यसको जवाफमा ट्रम्पले ट्वीटरमा म्याक्रोंलाई गर्नु बद्नाम गरेका थिए ।

युरोपमा आज फैलिएको आन्दोलन वर्ग सङ्घर्षकै रुप हो । बाहिर जतिसुकै सौम्य देखिए तापनि भित्रभित्रै युरोपेली समाज बिस्फोटक बनिरहेको छ । पहेंलो भेस्ट आन्दोलन त्यस्तै आन्दोलनको एउटा अभिव्यक्ति हो । यो आन्दोलनको अन्तिम परिणाम युरोपमा आमूल परिवर्तन नै होला भन्न गाऱ्हो छ । यो आन्दोलनलाई संरा अमेरिकामा कुनै समयमा चलेको वालस्टि्रट आन्दोलनको युरोपेली संस्करणको रुपमा हेर्नु उचित हुनसक्छ। वालस्ट्रिट आन्दोलनले जसरी कुनै ठोस निर्णय दिन सकेको थिएन, पहेंलो भेस्ट आन्दोलन पनि केही समयको उभारमा मात्र सीमित हुन सक्ने सम्भावना प्रबल छ । वालस्ट्रिट आन्दोलनले संरा अमेरिकी समाजमा भित्रभित्रै बलिरहेको जनआक्रोशलाई अभिव्यक्त गरेको थियो । तर त्यो आन्दोलनको नेतृत्व गर्न सक्ने कुनै राजनीतिक शक्तिको अभावमा निस्तेज बनेको थियो । पहेंलो भेस्ट आन्दोलनको अन्तिम नियति पनि यस्तै हुने सम्भावनालाई नकार्न सकिन्न । तथापि सयौं आन्दोलन र सङ्घर्षले एउटा ऐतिहासिक क्रान्तिको गर्भाधान गर्ने कुरासँग आजको युरोपको जनविद्रोहलाई जोडेर हेर्न उपयुक्त हुनेछ ।

## कुसुम राईको ...

टोखा नगर अध्यक्ष गोपाल कार्की लगायत स्थानीय पार्टी नेताहरुको पनि समुपस्थिति रहेको थियो ।

श्रद्धाञ्जली मन्तव्य दिने क्रममा कार्यक्रमकी प्रमुख वक्ता शारदा महत 'सरु'ले शोकलाई शक्तिमा रुपान्तरण गर्दै समाजमा रहेको जातिय, वर्गीय, लैङ्गिक विभेद अन्त्यको लागि सिङ्गो पार्टी पंक्ति अगाडि बढिरहेको धारणा राखेकी थिइन् । विशेष अतिथि तथा देजमो काठमाण्डौं जिल्ला अध्यक्ष क. खगेन्द्र छन्त्यालले अब हामीले सयौं हज्जारौ कुसुम राईहरु उत्पादन गरेर देशमा रहेका कुरितिहरुका विरुद्ध सिंगो पार्टी परिचालन गरी ती सबैको अन्त्य गर्दै गएमा मात्र कुसुम राईको परिवारलाई सान्त्वना मिल्न जाने र दिवंगतप्रति सच्चा श्रद्धाञ्जली हुने धारणा राखेका थिए । वक्तब्यको क्रममा देजमो काठमाण्डौं जिल्ला उपाध्यक्ष क. इन्दिरा घिमिरेले किशोरीहरुको सुरक्षाको लागि उनीहरुलाई मार्शल आर्ट तथा अन्य सैन्य तालिमसमेत् दिनु पर्ने धारणा राखेकी थिइन् । नेकपा (क्रान्तिकारी माओवादी) टोखा नगर इन्चार्ज ज्ञानेन्द्र प्रजापतीले शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने क्षमता मिलोस् भन्ने धारण व्यक्त गरेका थिए ।

कार्यक्रम देजमो टोखा नगर कमिटीका सचिव बद्रीहरि नेपालको सञ्चालनमा भएको थियो ।

*(अघिल्लो अंकमा 'कुसुम राईको श्रद्धान्जली सभा सम्पन्न' हुनु पर्नेमा अन्यथा हुन गएकाले त्यसलाई गंभीरताका साथ सच्याइएको छ -सं.)*

## दर्शनशास्त्रको...

सक्रिय शक्तिहरुको विरोध गर्न विपरीत तत्वहरुको जन्म भइरहन्छ र यसको विकास सङ्घर्षको माध्यमबाट हुन्छ ।" दोस्रो, समयको खास विन्दुमा कुनै अन्तर विरोधको एउटा मुख्य वा प्रधान पक्ष र अर्को गौण वा कमजोर पक्ष हुन्छ। विकासको प्रक्रियामा यो पक्षहरुले आफ्ना ठाउँ फेरिरहन्छन् । यो स्वतःस्फुर्त पनि हुन्छ। यसलाई सही ढङ्गबाट हल गरेर तीव्र पार्न पनि सकिन्छ । उहाँले भन्नुभएको छ । "संश्लेषण भनेको शान्तिपूर्ण सह-अस्तित्व होइन, सङ्घर्ष र क्रान्ति नै विकास प्रक्रियाको प्रतिमान हो ।" उहाँ फेरि भन्नुहुन्छ । "एकले अर्कोलाई खान्छ र ठूलो मान्छेले सानो मान्छेलाई निल्छ, यो नै संश्लेषण हो। सङ्घर्षपछिको विकास नै संश्लेषण हो ।"यसको तात्पर्य हो कुनै खास अवस्थामा एउटा शक्तिशाली पक्ष र अर्को कमजोर पक्ष हुन्छ। अन्तरविरोधको धारणाको एउटा महत्वपूर्ण निहित अर्थ हो साना माछाहरु एकजुट भएर नै साना माछाहरु पनि ठूलो र शक्तिशाली बनेर ठूला माछालाई हराउन सक्छ । माओको अनुसार सङ्घर्षको प्रक्रिया तरङ्ग जस्तो हुन्छ। सङ्घर्षका विकासले उलटपलट हुन्छ । त्यसपछि अपेक्षाकृत शान्तिको क्रम चल्छ तर सम्पूर्ण प्रक्रियाहरु निषेधको निषेधलाई पूर्ण विनासको रुप मा पनि लिनुहुँदैन लियो भने अधीभूतवादी गल्ती हुन्छ । विकास प्रत्येक अवस्थामा स्वीकार्य र निषेध दुवै स्थान हुन्छ। सामन्ती समाज दाससमाजको निषेध र पूँजीवादी समाजको स्वीकार्य, पूँजीवादी समाजको सामन्ती समाजको निषेध र समाजवादी समाजको स्वीकार्य हो । यदि विरोधी शक्तिहरु स्पष्टसँग दृष्टिगोचर भएन भने स्पष्ट पार्न प्रयास गर्नुपर्छ । निषेधको निषेधवारे स्टालिनले गल्ती गरेका कुरालाई इङ्गित गर्दै माओले भन्नुभएको छ ।"अक्टोबर क्रान्तिले पूँजीवादलाई नकाऱ्यो तर उनले समाजवादलाई पनि नकार्न सक्छ भन्ने कुरालाई नकारे । यो पनि हुन सक्छ कि एकदिन समाजवादको नै अस्तित्व पनि मेटिन्छ ।" जुन कुरा अहिले सही सावित भएको छ ।

क. माओले निरन्तर सङ्घर्षमा जोड, तरङ्ग जस्तै विकास, विचार र मुख्यपक्षको रणनीतिक अवधारणा तथा त्यसको रुपान्तरण सङ्घर्ष नै यस प्रक्रियाको सबभन्दा बढी महत्वपूर्ण गति विज्ञान हो । जसले संश्लेषणलाई जन्म दिन्छ भन्नुभएको छ । उहाँले अर्को के पनि भन्नुभएको छ भने पुराना पक्षहरु बीचको अन्तरविरोधहरुबाट कयौं समस्याहरु पैदा हुन्छन् । तर समष्टिगत रुपमा विपरीत तत्वहरुको गति छलाङ्गको रुपमा हुन्छ । द्वन्द्ववादी विकासको प्रक्रिया अनन्त छ भन्दै माओ भन्नुहुन्छ-"यस विकासको परिवर्तनका लहरहरु सिरियल गतिजस्तै हुन्छ। कुनै गतिको विकासको प्रक्रियाको प्रत्येक चरणमा उतार-चढावको गतिको क्रम हुन्छ। यो नबुझ्नेहरु उत्थानमा जोसका साथ र उतारमा पलायन भएर जान्छन् ।"

माओ भन्नुहुन्छ- "कुनै पनि अन्तविरोधमा परस्पर विरोधीहरुको विकास असमान हुन्छ । कहिलेकाँही सन्तुलनजस्तो देखिए तापनि त्यो, केवल अस्थायी र सापेक्ष स्थिति हो ।मूल स्थिति असमानताको नै स्थिति हो। यो विरोधी पक्षहरुमध्ये एउटा प्रधान हुन्छ र अर्को गौण प्रधान पक्ष त्यो हो जसले कुनै अन्तरविरोधमा प्रमुख भूमिका खेल्दछ। कुनै वस्तुको स्वरुपको निर्णय मुख्य गरी अन्तरविरोधको प्रधान पक्षले नै गर्दछ । त्यो पक्ष जसले आफ्नो प्रभुत्व कायम गरिरहेको छ ।"

माओ भन्नुहुन्छ -"अन्तरविरोध को विकासलाई देखाउन कुनै निश्चित अटल फर्मुला हुँदैन । अन्तरविरोधको विशिष्टतामाथि ध्यान दिएर अघि बढाउने कुरामा मानिसको पहलकदमीको भूमिका विकास प्रक्रियामा अझै पनि महत्वपूर्ण र निर्णयक बनेको छ । त्यसकारण विश्लेषण र संश्लेषणका नियमहरुलाई आत्मासात् गर्नु, त्यसलाई सही ढङ्गबाट लागु गर्नु, यान्त्रिक तरिकाबाट प्रयोग गर्न सकिँदैन । मानिसले वस्तुगत कुरालाई त्यसबेला मात्र रुपान्तरण गर्न सक्छ । जुन बेला वस्तुगत यथार्थले त्यसलाई आवश्यक सम्झन्छ। वस्तुतग यथार्थले आवश्यक सम्झेर पनि सचेतन पक्षले बल पुऱ्याएन भने रुपान्तरण हुन पचासौँ , सयौं वर्ष लाग्न सक्छ र राम्रो भूमिका खेल्न सक्यो भन्यो चाँडै पनि रुपान्तरण गर्न सकिन्छ ।"

"दर्शनशास्त्रलाई दार्शनिकहरुको प्रवचन कोठाहरु र पाठ्यपुस्तकहरुको सीमित घेराबाट मुक्त पार र यसलाई व्यापक जनसमूहको हातमा रहेको एउटा धारिलो हतियारको रुपमा फेर" भन्नु हुने माओले, "दर्शन त्यतिबेलामात्रै जन्मन्छ जब वर्गसङ्घर्ष चल्छ । व्यवहारिक अभ्यासविनाको दर्शनको कुरा गर्नु समय वर्वाद गर्नु मात्रै हो ।" "एउटाले अर्को चीजलाई खान्छ, ठूलो माछाले सानो माछालाई खान्छ, त्यही हो संश्लेषण । तर सिद्धान्तका यस्ता कुराहरुलाई पुस्तकमा यसरी लेखेको पाइँदैन"।"जीवनलाई विपरीत तत्वहरुको एकताको रुपमा बुझ्नुपर्छ ।""एउटाले अर्कोलाई नष्ट गर्छ, वस्तु पैदा हुन्छ, हुर्कन्छ र ध्वस्त हुन्छ । यो कुरा जहाँ पनि लागू हुन्छ। यदि कुनै वस्तुलाई अर्कोले नष्ट गरेन भने पनि त्यसले स्वयंलाई नष्ट गर्छ ।"परिमाण गुणमा फेरिन्छ र गुण परिमाणमा फेरिन्छ।"द्वन्द्वात्मकताको जीवन भन्नु नै विपरीत तत्वहरुबीचको निरन्तर सङ्घर्ष हो ।"

द्वन्द्वात्मक भौतिकवादको सारतत्वका रुपमा एवम् प्रकृति, समाज र मानवीय ज्ञानका सबै क्षेत्रमा द्वन्द्ववादको आधारभूत नियमका रुपमा अन्तरविरोधको नियमको उद्घाटन माओद्वारा भएको छ । अन्तरविरोधको सार्वभौमिकता र प्रधान अन्तरविरोधको निक्यौंलको पद्धति र महत्वको विश्लेषणले द्वन्द्ववादको समझदारीको विकासलाई नयाँ उचाइमा पुऱ्याएको छ । क्रान्तिको रणनीति र कार्यनीति निर्धारणमा अन्तरविरोधको आधारभूत नियमले खेल्ने महत्वपूर्ण भूमिका स्वतः स्पष्ट छ ।

ज्ञानको सिद्धान्तका क्षेत्रमा क. माओले वर्गसङ्घर्ष, उत्पादनको निमित्त सङ्घर्ष एवम् वैज्ञानिक प्रयोगलाई ज्ञानको स्रोत बनाएर इन्द्रीय ग्रह्य ज्ञानबाट बुद्धिसङ्गत ज्ञानमा पुग्ने प्रक्रियाका सम्बन्धमा तथा सिद्धान्त र व्यवहारको आपसी सम्बन्धकाबारेमा गर्नु भएको विश्लेषणले मार्क्सवादी दर्शनमाा महत्वपूर्ण योगदान पुगेका कुरा निर्विवाद छ ।

संशोधनवादका विरुद्ध सङ्घर्षका क्रममा द्वन्द्ववादको प्रधान पक्षका रुपमा एक-दुईमा विभाजित हुन्छ भन्ने सम्बन्धमा गरिएको विषद् व्याख्या र प्रयोगले संशोधनवादसँग लड्नका लागि क्रान्तिकारीहरुका हातमा एउटा धारिलो हतियार प्राप्त भएको छ ।

आधार र उपसंरचनाको आपसी सम्बन्धबारे अधिभूतवादी र एकलकाँटे दृष्टिकोण अपनाई 'उत्पादन शक्तिको सिद्धान्त" र 'अर्थवाद' तिर जाने संशोधनवादीहरुको पूँजीवादी सोचाइहरुमाथि प्रहार गर्दै खासखास अवस्थामा चेतना र संरचनाको निर्णायक भूमिकाको व्याख्याले पूँजीवादलाई नाङ्गो पार्ने काम गरेको छ ।

दर्शनलाई पुस्तकालय, दार्शनिकहरुको अध्ययन र कोठेचिन्तनबाट निकालेर आमजनतासम्म पुऱ्याई एउटा अजेय शक्तिमा परिणत गर्नुपर्ने आवश्यकता र त्यसका विधिवारे क. माओले गर्नुभएको अनुसन्धानले द्वन्द्वत्मक भौतिकवादी दर्शनलाई उन्नत रुपले भौतिक शक्तिमा परिणत गर्ने आधार मिलेको छ ।

"मार्क्सवादको जन्म वर्गसङ्घर्षको विचबाट हुन्छ अर्थात दर्शनको जन्म सङ्घर्षबाटनै हुन्छ भन्ने क. माओले दर्शन शास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६१९०६
बिक्की शर्मा गुरागाईं- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, बपुर, सिंगराजु, रातुपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।


रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
इन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्ज्याङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४७०६२६९, ९८३१२८४३०

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-०७५/०७६) वर्ष ३ अङ्क २६ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

आलोपालो

# सामाजिक सुरक्षा कोषबारे थप टिप्पणी



● ईश्वर तिमिल्सिना

योगदानमा आधारित सामाजिक सुरक्षाकोषको स्थापना घोषणा नेपाल सरकारका भएदेखि नेपाली श्रम बजारका साथै राजनैतिक वृत्तमा समेत यस कार्यक्रमलाई लिएर क्रिया प्रतिक्रियाहरु आइरहेका छन् । गत महिनाको १ गते नेपालको कम्युनिष्ट आन्दोलनको मूल प्रवाह भन्दै आएको ने क पा को दुइ तिहाइको सरकार र त्यस सरकारले पूर्व प्रतिवद्धता र चुनावी नारा अनुसारकै सुखी, समृद्ध नेपालको नारा तथा समाजवादी कार्यक्रमको महत्वपूर्ण अंगको रुपमा घोषित र स्थापित यो श्रमिक पक्षिय र ऐतिहासिक भनिएको कोष बारे श्रमिकवर्गको जीवनमा के कस्ता सकारात्मक प्रभाव र उपलब्धि हासिल हुनेछ भन्ने विषयमा भन्दा पनि यो कार्यक्रमका लागि कसरि जस लिएर भविष्यको राजनैतिक लक्ष्यकालागि श्रमिकवर्गको सहानुभूति र सहियोग प्राप्त गर्ने भन्ने चिन्ताले सबै राजनैतिकदलदेखि मजदुर आन्दोलनमा(श्रमबजारमा) क्रियाशिल ट्रेडयुनियन सम्मको सक्रियता ह्वात्तै बढेर गएको देखिन्छ ।

वैज्ञानिक मानवतावादका हिमायती नयाँ शक्तिका प्रमुख बाबुराम भट्टराइदेखि उदारवादका हिमायती नेपाली काँग्रेसका शेखर कोइराला सम्मले सामाजिक सुरक्षा कोषको स्थापनाका निम्ति आ आफ्ना सरकारले कसरी योगदान गरेका थिए भनेर चर्चा चलाइरहेका छन् । नेपाली काँग्रेसको महासमिति बैठक चलिरहँदा सम्वद्ध अर्थशास्त्रीहरु समेत आफ्ना ५ खम्बे नीति भित्र श्रमिकवर्गको सामाजिक सुरक्षा तथा अन्य अधिकारको प्रत्याभूति दिन काँग्रेस प्रतिवद्ध र प्रयत्नशिल रहेको चर्चा चलाइरहेका छन् । सोहि मेसोमा उद्योगी व्यापारीवर्गका अगुवाहरुसमेत श्रमिकहरुका पक्षमा निकै राम्रो र ऐतिहासिक योगदान गरेझैं यस कार्यक्रमको खुल्ला हृदयले प्रचार गरिरहेका छन् । अरु त अरु भइ गए नेपाली श्रमिकहरुका माझ क्रियाशिल रहेका आफुलाइ मजदुर आन्दोलनको मसिहा सम्झने ठूला र शक्तिशाली ठान्ने ट्रेड युसनियनहरु समेत यस कार्यक्रमको प्रशंसा गर्नमा तछाड मछाड गरिरहेका छन् मानौं यो कार्यक्रम नेपाल सरकारले घोषणा गर्नुमा उनिहरुको वलिदानीपूर्ण संघर्ष र विजयको परिणाम हो । यो कार्यक्रम घोषणाले अब श्रमिकहरुका सुखका दिन आए र दुखका दिन गए भनेझैं गरेर यसको श्रेय लिन दौडधुप गरिरहेका छन् ।

तर श्रमिक आन्दोलनमा क्रियाशिल क्रान्तिकारी धारा अर्थात् हामीहरु भने यो सामाजिक सुरक्षा कोषको अवधारणाबारे श्रमिकवर्गमा समेत भ्रम पर्न सक्ने हुनाले यसको टिप्पणी गरिरहेका छौ । यो कोषको मूल मर्म भनेकै श्रमिक र उद्योगी व्यापारीबिच हुँदै आएको श्रमको मुल्य सम्बन्धि हालको श्रमबजारमा चल्दै आएको विवादको धुर्त्याइ र बेइमानीपूर्ण ढंगले गरिएको श्रमिक विरोधी छल हो र यो छल विश्वका धेरै देशहरुमा पहिलेदेखि प्रचलनमा आइरहेको र नेपालमा भने केहि वर्ष पहिलादेखि कोशिश गरिदैं आएर यस वर्ष घोषणा गरिएको हो । यो कार्यक्रम कुनै समाजवादी हुने त कुरै होइन, श्रमिकहरुको सुविधामा साधारण वृद्धि पनि होइन । बरु यो श्रमिकहरुले उपभोग गर्न सक्ने स्थाइहुने तथा नियमित रोजगारी,संगठित मागदावी गर्न सक्ने जस्ता महत्वपूर्ण कानुनी अधिकार भएको श्रम ऐनका धाराहरुलाई समेत समाप्त गरेर पुँजिपतिवर्गलाई मजदुरहरुप्रतिको न्युनतम दायित्वबाट समेत मुक्त गरेर विगतमा उद्योगपतिहरुले सञ्जयकोष बापत् श्रमिकहरुको खातामा राख्ने आधारभूत तलबको १० प्रतिशतमा आर्को १० प्रतिशत थप गरेर बनाइने कोष हो । यसमा कथित कम्युनिष्ट सरकारको त सरकारी कोषबाट १ प्रतिशत पनि योगदान भएको .छैन ।

बरु उद्योगी वा व्यापारीवर्गले कथित रोजगारदाताका नाममा खडा गरिएका दलाल कम्पनि मार्फत् श्रमिक आपूर्ति गर्ने र अल्पकालिन र आवधिक रोजगारी अवस्थामा उर्जाशिल श्रमिकहरुको छनौट गर्ने अवसर पुँजिपतिवर्गलाइ प्रदान गर्ने उद्देश्य रहेको प्रष्ट छ । स्थाइ प्रकृतिका उद्योग धन्दाहरुमा अस्थाइ र आवधिक श्रमिकहरुको खोजि गर्नु भनेको २(४ वर्ष काममा सरिक भएका श्रमिकहरुको सट्टाभर्ना नयाँ जवान श्रमिकद्वारा पूर्ति गर्ने कानुनी र व्यावहारिक बाटो खुल्ला गर्नु रहेको कुरा बुझ्न कुनै कठिनाइ छैन ।

अन्तरराष्ट्रिय मुख्यत एसियाली श्रम बजारको तुलनामा नेपाली श्रमिकहरुको पारिश्रमिक आधाभन्दा कम रहेको मात्रै होइन रोजगारीको सुनिश्चितताको अभाव, चर्को बजारभाउ, ट्रेड युनियन अधिकारको हनन, राज्य प्रशासनमा पुँजिपतिवर्गको एकाधिकार जस्ता कारणहरुले गर्दा उर्जाशिल श्रम शक्तिको आधाभन्दा धेरै हिस्सा वैदेशिक रोजगारीमा भौतारिनु परिरहेको वर्तमान स्थितिमा श्रमिकवर्ग माथिको छलछामपूर्ण प्रचारबाजीले श्रमिकहरुको जीवनमा कुनै सकारात्मक प्रभाव पर्ने स्थिति त छैन तर पनि पुजिपतिवर्गको नाफाको सुनिश्चितता, उनीहरुका लागि वेरोजगार श्रमिकहरु मध्येबाट नयाँ नयाँ उर्जाशिल श्रमिकहरु छनौट गर्ने र पुराना श्रमिकहरुलाइ विस्थापित गर्दै जान सहज हुने यस्तो कानुन र नियमहरुको पक्षमा ट्रेड युनियनहरुसमेत सक्रियतापूर्वक लाग्नुले अन्तरराष्ट्रिय श्रमिक आन्दोलनको क्रान्तिकारी परम्परा र चरित्र समेत समाप्त भएर पुजिपतिवर्गद्वारा हुर्काइएका अभिजात वर्गीय ट्रेड युनियनका रुपमा रुपान्तरित भएको नेपाली रुप भनेर बुझ्नु पर्ने हुञ्छ ।

अन्त्यमा उदारीकरणका नाममा अल्पविकशित र प्रविधिले पछाडीरहेका मुलुकहरुको श्रमको दोहन गरेर आफ्ना देशका श्रमिकहरुको असन्तोषलाइ नियन्त्रण गर्न श्रमिकहरुका अगुवा ट्रेड युनियनका नेताहरुलाई लगानी गर्दै आइरहेका र त्यसै लगानी मार्फत् मजदुर आन्दोलनलाई दिशाविहिन र भ्रमित पार्न सफल विश्वका पुजिवादी शासकहरुको चैनको निन्द्रालाइ बिथोल्दै फ्रान्समा चलिरहेको (पँहेलो भेष्टधारी) यातायात मजदुरहरुको हडतालले राजधानी पेरिस मात्र होइन सिंगो युरोप र अमेरिकामा समेत खल्बली चलिरहेको छ । पुजिपतिवर्गको थैलीमा थुप्रिदै गएको अथाह सम्पत्ति र श्रमिकवर्गको बढ्दो श्रमशोषण र विपन्नताबाट सिर्जित व्यापक असन्तोषले बाबुराम भट्टराइको मानवतावादी बाटो होइन बरु फ्रान्सेली श्रमिकवर्गले झैं महान् तोडफोड र हिंसात्मक संघर्षको बाटो अंगिकार गर्न वाध्य हुनेछन् त्यतिवेला श्रमिक आन्दोलनमा घुसेका सबैखाले अभिजातवर्गीय ट्रेड युनियनहरुका बेइमानीपूर्ण प्रलापहरु आरण्यरोदनमा बदलिनेछन् जसरी आजभोली फ्रान्सको राजधानी लगायत सहरहरुमा भइरहेका छन् ।

## सबैखाले अवसरवादी छालविरुद्ध .......

उत्पन्न भएको छ । यो कठिन र प्रतिकूल स्थितिलाई सहज र अनुकूलतामा रुपान्तरण गर्न सामान्य रुपले होइन, ज्वारभाटाका विरुद्ध सङ्घर्षको स्पिरिट अपनाएर नै नेपाली सर्वहारावर्गीय क्रान्तिप्रतिको जिम्मेवारीलाई सशक्त र सफलतापूर्वक अगाडि बढाउन सकिनेछ । माओले भन्नु भएको छ- ‘अवसरवादी ज्वारभाटाका विरुद्ध जानु मार्क्सवादी-लेनिनवादी सिद्धान्त हो ।’ त्यसप्रकारको सिद्धान्तमा टेकेर क्रान्तिकारी स्पिरिटका आधारमा नै वर्तमान नेपाली कम्युनिस्ट आन्दोलनमा उत्पन्न सबै बाधा, विरोध र प्रतिकूल परिस्थितिलाई चिर्दै पार्टी आफ्नो राजनीतिक भूमिकालाई सशक्त रुपले अगाडि बढाउन सफल हुनेछ ।

पार्टीका अगाडिका बैठकहरुमा पार्टीभित्रै चन्द र विश्वकर्मा नेतृत्वको नेकपाप्रति केही नरमपना देखिन्थ्यो तर यो बैठकसम्म आइपुग्दा र उनीहरुमा देखिदै गएको राजनीतिक, सैद्धान्तिक, वैचारिक र कार्यदिशामा देखिएको विचलन र उक्त पार्टीको नेतृत्वमा देखिएको व्यक्तिवादी अराजकतावादी प्रवृत्ति र व्यवहारले यो स्पष्ट पार्दै गयो कि चन्द र विश्वकर्मा नेतृत्वको नेकपा माओवादप्रति, सर्वहारावर्गप्रति, नयाँ जनवादी क्रान्तिप्रति इमान्दार छैन र उत्तर साम्राज्यवादलाई अगाडि ल्याएर साम्राज्यवादको अस्तित्व नभएको भन्दै साम्राज्यवादप्रतिको संघर्षलाई कमजोर पार्न चाहन्छ । नयाँ जनवादी क्रान्ति पूरा भएको र अबको नेपाली क्रान्ति समाजवादी क्रान्ति हो भन्दै ओली र दाहालसित कार्यदिशागतरुपमा नजिकिन गइरहेको छ । तर उसले आफूलाई क्रान्तिकारी भएको भ्रम दिन अनेकौं झुठहरुको साहारा लिएको छ । कतिसम्म भने नेकपा (क्रान्तिकारी माओवादी) बाट फुटेर गएको दिनको उत्सव मनाउने भेलामा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव क. किरणलाई प्रमुख अतिथिका रुपमा आउने भनेर आम कार्यकर्ता र जनतालाई भ्रममा राख्ने काम समेत गरेको पाइयो । यसरी नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समतिको यो वैठकले चन्द र विश्वकर्मा नेतृत्वको नेकपा र सिंहको नेतृत्वको नेकपा (मसाल) सितको एकतालाई खारेज गर्दै समग्रतामा भने एकताका कुरालाई कायमै राखी अहिले ध्रुवीकरणलाई प्रधान बनाएर आवश्यकताअनुसार संयुक्त मोर्चा र कार्यगत एकता गरी सङ्घर्ष उठान गर्ने निर्णय गरेको छ ।

केन्द्रीय समितिले एक मतले फागुन १ को जनयुद्ध दिवसलाई रातो मार्च पास, फागुन ७ देखि २१ सम्म मेची-महाकाली अभियान, जसको उद्घाटन फागुन ७ गते काठमाण्डौ, पोखरा, झापा र कञ्चनपुरगरी ४ ठाउँबाट एकैसाथ गर्ने, चैत्र २४ गते देजमो नेतृत्वमा विसाल आमसभाको आयोजना गर्ने आदि सङ्घर्षका कार्यक्रमहरु निश्चित गरेको छ । केन्द्रीय समिति के मा स्पष्ट छ भने तत्कालिन रुपमा चल्ने यस्ता आन्दोलनहरु नयाँ जनवादी क्रान्तिका लागि आधार तयार पार्ने माध्यमहरु नै हुन् । त्यसैले पार्टीले आन्दोलनको रणनीतिक पक्षका रुपमा नेपालको संविधान २०७२ को खारेजीको लागि र जनगणतान्त्रिक संविधानको निर्माणको लागि सङ्घर्षलाई केन्द्रीत गर्ने छ । जनगणतान्त्रिक संविधानअनुसार संघ र प्रदेशहरुको स्थापनाका लागि जोड दिने छ ।

यसले नेपालमा विद्यमान वर्गीय, क्षेत्रीय, जातिय तथा लिङ्गीय उत्पीडनको अन्त्य गरी नेपालमा वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गरोस् । एकाधिकार दलाल पुँजीपति तथा नोकरशाही वर्गको वर्तमान राज्यसत्तामाथि मजदुरवर्ग, गरीब तथा मध्यम किसान, सुकुमवासी, राष्ट्रिय पुँजीपतिवर्ग, दलित, महिला, अल्पसंख्यक मुस्लिम तथा अन्य क्षेत्रीय, जातिय तथा लिङ्गीय उत्पीडनमा परिरहेकाहरुको शासनसत्ता स्थापना गरियोस् । उक्त उल्लेखित रणनीतिक पक्षको उपेक्षा गर्दा आन्दोलनले सुधारवादी वा संसदीयरुप लिने सम्भावना रहन्छ । जो गल्ती वर्तमानमा नेकपा (मसाल) ले गरिरहेको छ । त्यसको अर्थ तत्कालिन रुपमा चल्ने आन्दोलनको उपेक्षा गर्नु पर्छ भन्ने होइन । मार्क्सवादी-लेनिनवादी-माओवादीहरुले तत्कालिन आन्दोलनलाई सही र सशक्त रुपले चलाएर नै आन्दोलनको रणनीतिक उद्देश्य प्राप्त गर्न सकिन्छ ।

पार्टीले यो संविधान निर्माण गर्ने दोस्रो संविधानसभा प्रतिक्रियावादी थियो भनेर किटान गरेको थियो र त्यसको बहिष्कारमा जोड दिएको थियो । त्यसैले त्यसबाट निर्माण गरिएको संविधानले केबल दलाल पुँजीपति तथा नोकरशाहाहरुको नै सेवागर्ने स्पष्ट छ भनेर भनेको थियो र यही वर्ग अहिले विभिन्न नाममा (कम्युनिस्टको नाममा समेत) सत्तामा छ । यो संविधानको खारेजीसँगै यो वर्गको पनि अन्त्य आवश्यकछ । हामीलाई थाह छ गत कालमा नेपाली कांग्रेस र नेकपा एमालेको बारम्वार अमेरिकी साम्राज्यवाद वा भारतीय विस्तारवादप्रति सम्झौतापरस्त नीतिको इतिहास रहेको छ । र अहिले दाहालको नेतृत्वमा माओवादी आन्दोलनको एउटा ठूलो शक्ति एमालेमा बिलय भएर सरकार बनाउन सफल भएको छ, जसले आफूलाई कम्युनिस्ट भनिरहेको छ । यी मिलेर देशको राष्ट्रियता र सार्वभौमिकतामाथि गम्भीर प्रकारले आँच पुऱ्याउने काम गरिरहेका छन् । देशभित्र सुरक्षाको अवस्था पनि गम्भीर हुँदै गएको छ । हत्या, बलात्कार, लुटपाट, डकैती आदिका घटनाहरु बढ्दै गइरहेका छन् । बहुमतको आडमा सरकार फासिवादी बन्दै गएको छ । ओली-दाहाल सरकार अन्तर्राष्ट्रिय रुपमा कम्युनिस्टलाई सखाप पार्न गठित विवादास्पद एसिया प्यासिफिक सम्मेलन र युनिभर्सल पिस फेडरेसनजस्ता अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरुलाई नेपालमा स्वागत गरेर अप्रत्यक्षरुपले नेपालका कम्युनिस्टहरु तथा राष्ट्रवादीमाथि दमनको लागि भिख मागिरहेको छ ।

यसरी नेपाली कम्युनिस्ट आन्दोलनमा अहिले दुई विपरीत धारहरु जबरजस्त रुपले अगाडि आएका छन् । ती दुई धारमा प्रथम ओली-दाहालको ख्रुश्चेभको संशोधनवादी सिद्धान्तको वकालत गर्ने र त्यसलाई नेपालमा मदनभण्डारीको जनताको बहुदलीय जनवाद (जबज) को संशोधनवादी लाइनलाई कार्यान्वयन गर्ने धार र दोस्रो चन्द-विश्वकर्माको “वामपन्थी” संकीर्णतावादी धार । पहिलो धार जसले आफूलाई डब्बल नेकपा भन्ने गर्दछन्, उनीहरुको नेतृत्वमा सरकार छ । उनीहरुले आफूलाई मार्क्सवादी-लेनिनवादी हौं भन्ने गर्दछन् । तर उनीहरुको लागि नेपाली क्रान्तिको पथप्रदर्शक सिद्धान्त मार्क्सवादी-लेनिनवादी होइन, मदनभण्डारीको जनताको बहुदलीय जनवाद (जबज) हो भनेर भन्दछन् । के स्पष्ट हो भने मदनभण्डारीको जनताको बहुदलीय जनवाद (जबज) भनेको मार्क्सवाद-लेनिनवादका विरुद्ध अगाडि आएको ख्रुश्चेभको संशोधनवादी सिद्धान्त हो । त्यसैले ख्रुश्चेभको संशोधनवादी सिद्धान्त मान्नेहरु मार्क्सवाद विरोधी हुन्, कम्युनिस्ट होइनन ।

त्यसकारण, अहिलेको यो सरकार पनि कम्युनिस्ट सरकार होइन । त्यसका हरेक क्रियाकलापले कम्युनिस्टलाई नेपालमा जनताको नजरमा बदनाम गराउनका लागि गठित सरकार हो भन्ने सन्देश दिएको छ । उनीहरुले पार्टीको नामसित कम्युनिस्ट पदावली जोडेका छन्, तर संगसँगै साम्राज्यवाद र विस्तारवादका अगाडि र खासगरी भारतीय विस्तारवादका अगाडि आत्मसमर्पण गरेर संसदीय राजनीतिको अभ्यास गरिरहेका छन् । एकातिर यस्ता कम्युनिस्टको सरकार छ भने अर्कोतिर चन्द-विश्वकर्माको नेतृत्वको नेकपाले आफ्नो पार्टीको सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो भन्ने र बलप्रयोगको आवश्यकतावारे जोड पनि दिने गर्दछन् । त्यसैअनुसार आफ्ना क्रियाकलापहरुलाई अगाडि बढाएका छन् । यसरी एकथरी जनताको नजरमा ओली-दाहालको डबल नेकपा कम्युनिस्ट हो भन्ने छ भने अर्कोतीर २०५२साल देखिको माओवादी आन्दोलनको विरासत चन्द- विश्वकर्माको नेकपा हो भन्ने छ । सिद्धान्त, विचार, राजनीति र कार्यदिशाको हिसाबले यी दुवै सही मानेमा कम्युनिस्ट होइनन र माओवादी त हुँदै होइनन् । किनभने पहिलोले त मार्क्सवाद-लेनिनवाद छाडिसकेको छ, दोस्रोले पनि माओवादलाई छाडेको छ र मार्क्सवादलाई पनि अहिले अवस्थामा काफी छैन, त्यसमा विकास (संशोधन) गर्ने भनेर मार्क्सवादका केही आधारभूत मूल्य मान्यतामा फेरबदल गर्ने प्रयास गरेको छ ।

यसरी चन्द र विश्वकर्मा नेतृत्वको नेकपामा सैद्धान्तिक हिसाबले काफी विचलनहरु आएका छन् । प्रथम यसले उत्तर साम्राज्यवाद अर्थात् साम्राज्यवादको अन्त्य भयो, अब विश्वमा साम्राज्यवादको अस्त्वि छैन भनेर साम्राज्यवादलाई क्रान्तिको निशानाबाट ओझेलमा पार्ने साम्राज्यवाद परस्त चिन्तन राख्ने काम गरेको छ । जब साम्राज्यवादको अस्तित्व छैन भन्छ भने त्यसले अन्तर ाष्ट्रियस्तरमा प्रधान अन्तरविरोधको बारेमा गलत व्याख्यामा पुऱ्याउँछ । साथै राष्ट्रिय राजनीतिमा पनि उनीहरुको जोड नेपाली समाजमा परिवर्तन आयो र परिणाम अन्तरविरोध पनि फेरिए भन्दै मार्क्सवाद-लेनिनवाद-माओवादका आधारभूत मान्यता र नेपाली क्रान्तिको आधारभूत सिद्धान्तर दिशाबाट विमुख भएर नेपाली जनतालाई भ्रम दिने र कार्यकर्तालाई गलत मार्गतर्फ हिंडाउने अनेकौं प्रयास भएका छन् । मार्क्सवाद-लेनिनवाद-माओवाद र वैज्ञानिक समाजवादको चर्को कुरा गर्ने तर व्यवहारमा यसका आधारभूत मान्यताहरुको विरोध गर्नेहरु सारतः वाम खोलभित्रका दक्षिणपन्थीहरु नै हुन । नेपाली जनता अहिले कम्युनिस्ट नामका दलाल पुँजीपति वर्गको हितमा कामगर्नेहरुको सरकारको आतङ्कका साथै वाम खोलभित्रका दक्षिणपन्थीहरुको भ्रम-आतंक दुवैको सामना गर्नु परेको स्थिति छ । नामधारी कम्युनिस्ट सरकारका विरुद्ध लडने भनेको सारतः साम्राज्यवाद र विस्तारवादका विरुद्ध लड्नु हो । सत्ताका लागि लडिने वर्गीय लडाइँ हो । वाम खोलभित्रका दक्षिणपन्थीहरुको भ्रम-आतंकका विरुद्ध लडने भनेको उनीहरुका गलत सिद्धान्त, विचार र कार्यदिशाका विरुद्ध भण्डाफोरको लडाइँ हो ।

जबसम्म पार्टीले वर्तमान विश्वको अन्तरविरोध र नेपाली समाजको वर्गविश्लेषण र क्रान्तिको चरित्रबारे सही किसिमले जानकारी राख्दैन, तबसम्म नेपाली क्रान्तिको यात्रा चन्द र विश्वकर्माको जस्तै रहस्यवादीहरुको दिशाहीन र लक्ष्यहीन हुन जान्छ । यो भनेको आजको साम्राज्यवादको सही चरित्र के हो र नेपाली क्रान्तिको आधारभूत सिद्धान्त, क्रान्तिको बाटो र त्यसको चालक शक्तिका सम्वन्धमा सही जानकारीविना कसरी क्रान्तिको मार्ग सही हुन्छ । वर्तमानमा साम्राज्यवादको अन्त्य भयो भन्नु कि त जानाजानी क्रान्तिलाई साम्राज्यवादको विरुद्धको निशानाबाट मुण्टो फर्काउनु हो या त साम्राज्यवादको वारेमा सतही जानकारी हो । अहिलेको नेपाली जनवादी क्रान्तिले यस्ता भ्रमवादीहरुसित पनि निर्मम संघर्षगर्नु परेको छ । के चाही सही हो भने अन्तर साम्राज्यवादी अन्तरविरोध नयाँ किसिमले विकसित भएको छ भन्दैमा साम्राज्यवादको सम्बन्धमा लेनिनले अगाडि सारेको धारणा अहिले पनि सही छैन भन्नु भ्रम सिवाय केही होइन । मार्क्सवाद-लेनिनवाद-माओवादको आवरणमा तर्क गर्ने र वैज्ञानिक समाजवाद भन्दै वैज्ञानिक विचारभन्दा बाहिर गएर “उत्तर साम्राज्यवाद”को पक्षमा ओकालत गर्नेहरु आखिरमा साम्राज्यवाद परस्तै हुन र त्यसका पछाडि दुईटा पक्ष छन्- प्रथम, कि त अध्ययन र बुझाइको अभावका कारण आजको साम्राज्यवादका बारेमा सही बुझाइ राख्न सकेको अवस्था छैन् र अन्योलता छ कि त उनीहरुमा पनि प्रचण्डको र बाबुरामको जस्तै राजनीतिक इमान्दारितको अभाव छ । जे भए तापनि क्रान्तिप्रतिको इमान्दारिता रहेमा सबैलाई सुधारको सम्म्भावना रहन्छ र चन्द-विश्वकर्माको नेकपा र मेहनविक्रमको मसाल दुवैवारे पनि सत्य हो । र नेकपा (क्रान्तिकारी माओवादी) का लागि नेपालमा देखिएको दलाल पुँजीपति वर्गको हितमा कामगर्ने कम्युनिस्टहरुको सरकारको आतङ्कका साथै वाम खोलभित्रका दक्षिणपन्थीहरुको भ्रम-आतंक दुवैको सामना गर्न सबैखाले अवसरवादी ज्वारभाटा विरुद्धको सङ्घर्षको स्पिरिटमा नेपाली क्रान्तिलाई अगाडि बढाउनुको विकल्प छैन । आखिरमा मार्क्सदेखि माओसम्मले मार्क्सवादको विकास यस्तै खालका दक्षिणपन्थी संशोधनवादीहरु र वामखोल ओढेका संकीर्णतावादीहरुसित सम्झौताहीन सङ्घर्ष गरेर नै मार्क्सवादलाई विजयको शिखरमा पुऱ्याएको इतिहास हो ।

singhhukum683@gmail.com







प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि.द्वारा प्रकाशित, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।